Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख

श्री ५को सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तब्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

– राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख

ABHILEKHA

वर्ष १६ २०५५ पूर्णाङ्क १६

सम्पादक-मण्डल

प्रधान सम्पादक
सुश्री सानुनानी कंसाकार

सम्पादक
विष्णुकान्त शर्मा
जगन्नाथ उपाध्याय

प्रकाशक
श्री ५ को सरकार
युवा, खेलकुद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशन मितिः– २०५५ साल आश्विन १७ गते

प्रकाशित प्रतिः– ५००

मूल्य रू. :– २५।–

मुद्रकः–
संकटा प्रेस,
ख १–८३ टेबहाल, काठमाडौं–३
☎ २४४५७९, २२८२०८ (फ्याक्स)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुई शब्द

राष्ट्रिय अभिलेखालयको ३१ औं वर्ष प्रवेशमा 'अभिलेख' को १६ औं अङ्क पाठक वर्ग सामु राख्न पाएकोमा हर्षित छु। विगतका अङ्कहरूमा जस्तै यस अङ्कमा पनि राष्ट्रिय निधिको रूपमा संरक्षित अभिलेखहरूवारे जानकारी दिने रचनाहरू समावेश गरिएका छन्। शासनतन्त्रमा अभिलेखको जति आवश्यकता छ, इतिहास र संस्कृतिको जानकारी पाउनमा पनि त्यतिकै महत्त्वपूर्ण रहेको छ। यसको संकलन, संरक्षण र विकासको लागि सबैबाट प्रयास हुनुपर्ने कुरामा दुईमत नहोला।

यस अङ्कमा आफ्नो रचना दिनु भई सहयोग गर्नु हुने सबै विद्वतजनमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। 'अभिलेख' पत्रिकालाई अझ परिमार्जित बनाउन सबैबाट सहयोग र सुझाव पाइरहने विश्वास लिएकी छु।

सानुनानी कंसाकार
प्रमुख
राष्ट्रिय अभिलेखालय

मिति :- २०५५।६।१७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय–सूची

विषय	लेखक	पृष्ठ संख्या
१) राजा जयप्रकाश मल्ल र उनका काव्यकृति	–डा. जनकलाल वैद्य	१
२) सिद्धसारसंहिता–द्रव्यगणाध्यायको (द्वितीय) तुलनात्मक अध्ययन	–डा. काशीराज शर्मा सुवेदी	९
३) लेखन सामग्रीको रूपमा ताडपत्र	–हरिराम जोशी	३१
४) भक्तपुरको लिङ्गो जात्रा	–तीर्थलाल नःघभनी	३४
५) अभिलेखयुक्त सूर्यमूर्ति	–विष्णुकान्त शर्मा	४५
६) राष्ट्रिय अभिलेखालयमा रहेका नेपाली भाषाका हस्तलिखित स्वस्थानी ग्रन्थ	–जगन्नाथ उपाध्याय	५५
७) सहस्र चन्द्र दर्शन विधि	–अच्युतराज गौतम	६३
८) कौषी तोषाखानाबाट प्राप्त लालमोहर–		६७
९) वार्षिक गतिविधि–		१०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेखक–परिचय

नाम	ठेगाना
१) डा. जनकलाल वैद्य	प्राध्यापक, त्रिचन्द्र क्याम्पस, काठमाडौं
२) डा. काशीराज शर्मा सुवेदी	आयुर्वेद क्याम्पस, काठमाडौं
३) हरिराम जोशी	शोधकर्ता, ललितपुर
४) तीर्थलाल नघःभनी राजभण्डारी	शोधकर्ता, काठमाडौं
५) विष्णुकान्त शर्मा	अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय, काठमाडौं
६) जगन्नाथ उपाध्याय	अनुसन्धान अधिकृत, राष्ट्रिय अभिलेखालय, काठमाडौं
७) अच्युतराज गौतम	लेखक, राष्ट्रिय अभिलेखालय, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजा जयप्रकाश मल्ल र उनका काव्यकृति

– डा. जनकलाल वैद्य

परिचय

जयप्रकाश मल्ल कान्तिपुरका मल्ल वंशीय अन्तिम राजा थिए । उनको जन्म तिथि सम्वत् अहिलेसम्म अज्ञात छ । ने. सं. ८५५ (वि. सं. १७९२) मा उनी कान्तिपुरका राजा भएका थिए । राज्यारोहण गरेको शुरु समयदेखि उनले आफ्ना विपक्षीहरूका विरोध र विद्रोह आफ्नै पराक्रमले सामना गरेका थिए, दबाउने यत्न गरेका थिए । केही समय अर्थात् ने. सं. ८८० भाद्र–८८२ जेठ (वि.सं. १८१७ –१८१९) तिर उनी ललितपुरका पनि राजा भएका थिए । यस लेखमा उनको राजकीय व्यक्तित्वको लेखा-जोखा गर्न लागिएको होइन । यसमा उनका काव्य कृतित्वको विवरण र समीक्षा गर्न लागेको छु । उनका पिता राजा जगज्जय मल्ल र राजमाता कुमुदिनी देवी स्वयं क्रमशः कवि र कवयित्री थिए । त्यही काव्य सिर्जना रचना गर्ने वंशानुगत संस्कार उनमा पनि विद्यमान रह्यो । त्यसवेलाको चलन अनुसार उनले पनि काव्य–शास्त्र, संगीत–शास्त्र, अलङ्कार विषयका शिक्षा पाइ-राखेको तथ्य उनका काव्य कृति अध्ययन गर्दा थाहा हुन आउँछ । उनले आफ्नो शासन कालको संकटापन्न राजनैतिक स्थितिमा पनि नेपाल भाषा र मैथिली भाषाका नाटक कृतिहरू र केही भक्ति स्तुति रचनाहरू रचेका थिए । उनी आफ्नो समयको नेपाल भाषाको श्रेष्ठ कवि–नाटककार थिए । 'यथा राजा तथा प्रजा' भने झैं उनको शासनकालीन सर्वसाधारण प्रजाजन पनि उनका नाटक कृति अभिनय गरेर नाटक प्रदर्शन गर्ने, भजन गीत, प्रणयगीत, समसामयिक घटनामा आधारित गीत रचेर भजनमा गाउने गर्थे । उनले आफ्ना गीतका समाप्ति वाक्यमा अक्सर गरी आफ्नी रानी दयावति (दयालक्ष्मी) को नाम प्रेमसाथ, राजमाता कुमुदिनी देवीको नाम आदर र कृतज्ञताका साथ औ आफ्नो पुत्र राकुमार ज्योतिप्रकाशको नाम सस्नेह संरक्षकत्वको कर्तव्य निर्वाह गर्ने हिसावले उल्लेख गर्ने गरेका पढ्न पाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काव्य साधना समय

उनको शासनकाल भरि कान्तिपुरको राजप्रासाद भित्र मात्र कलह भएको होइन कि नेपाल उपत्यकाभित्र यत्रतत्र तत्कालीन गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाह नेपाल उपत्यका जित्ने आकांक्षाका साथ आक्रमण गर्दै ठाना हाल्दै अगि बढ्दै थिए । उपत्यका भित्रका कान्तिपुर, ललितपुर र भक्तपुरका राज्यहरूमा पनि परस्पर एकता र मेल थिएन । बाहिरबाट अंग्रेजहरू पनि नेपालका केही भू-भाग हत्याउने ताकमा थिए । विपक्षीहरूको आक्रमण सामना गर्न जयप्रकाश मल्ल आफै अगि सर्थे । यस्तो स्थिति भएको हुँदा उनले नाटक र स्तुति गीत रचना गर्ने समय कसरी निकाल्दो होला भन्ने प्रश्न उठ्नु स्वाभाविकै छ । धेरै सम्भव छ– (क) उनले आफ्नो शासन कालको शुरु वेलाको केही शान्त परिस्थितिमा ने. सं. ८५५-८६६ तदनुसार वि.सं. १७९२-१८०३ तिर नाटकहरू **रत्नेश्वर प्रादुर्भाव** (नेपाल भाषामा) **र भैरव प्रादुर्भाव** नाटक (मूल माध्यम मैथिल, निर्देश वाक्य नेपाल भाषा, संप्रति ३–७ अङ्कमात्र शेष रही अपूर्ण कृति) तथा केही भक्ति स्तुति गीतहरू रचेका थिए । त्यस समयावधिका उनका नाटकहरूमा उनको राजकीय कर्तव्य परायणताको बोध र संकल्प, उपास्य शिव एवं नृत्येश्वर प्रति अगाढ भक्ति, आफ्नी रानी दयालक्ष्मी प्रति स्नेहासिक्त प्रेमका अभिव्यक्ति भएका देखिन्छन् । त्यस बखत उनले रचेका फुटकर भक्ति रचनाहरूमा (शैव, शाक्त र बौद्ध उपास्य देवदेवीका स्तुति रचनाहरूमा) उनको निश्चिन्त मनः स्थितिका स्वस्थ भाव, धार्मिक सहिष्णुताको भाव र देशभक्ति भावको परिचय टङ्कारो देखा पर्छन् । **रत्नेश्वर प्रादुर्भाव** नाटकमा कतै कतै कर्तव्य बोध, वैरी पक्ष सामना गर्ने आकांक्षाको ओजस्वी अभिव्यक्ति एवं नृत्येश्वरसित समेत वैरी पक्षलाई पराजित गर्ने शक्तिका निमित्त वर मागी प्रार्थना गरिएका पाइएतापनि त्यस बखतको नेपाल उपत्यकाको राजनैतिक स्थिति भने त्यतिको संकटग्रस्त देखाइएको पाइँदैन । **भैरव प्रादुर्भाव** नाटकमा उनको यौवन सुलभ महत्वाकांक्षा, देशप्रेम, प्रजावत्सलता र साधु सन्त प्रति श्रद्धा आस्था अभिव्यक्तिएका छन् । यी दुवै नाटकहरू **रत्नेश्वर प्रादुर्भाव** (रनिङ नं. २५६७) र **भैरव प्रादुर्भाव** नाटक (रनिङ नं. २५२९) हाल आशा सफू कुथि काठमाडौं, नरदेवीमा सुरक्षित छन् । यी दुई नाटक मध्ये **रत्नेश्वर प्रादुर्भाव** मात्र सट्टे अवस्थाको ६ अङ्कको पूर्णाङ्गी हो । स्व. प्रेमबहादुर कसाको सम्पादनमा ने. सं. १०८४ / वि. सं. २०२१ मा चत्रसापासा संस्थाबाट सो नाटक प्रकाशित भइसकेको छ । **भैरव प्रादुर्भाव** नाटक अप्रकाशित छ । **रत्नेश्वर प्रादुर्भाव** नाटकको पुष्पिका वाक्यमा उल्लेखित सम्वत ८८० त्यस नाटकको रचना मिति होइन, अभिनय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिएकको सम्वत् हो ।

त्यस समयावधिका उनको फुटकर भक्ति स्तुति रचनाहरू मध्ये 'भगवान याहुने उधार' **पुलांगु मेम्मा** (ठाकुरलाल मानन्धर, ने. सं. १०७२ / वि. सं. २००९) प्रकाशित गरिसकेका छन् । 'का मत आदिया दयकसे .....' जस्ता रचना (ललितपुर रातो मत्स्येन्द्र नाथको दाफा भजन अभिलेख ग्रन्थमा संग्रहित, पत्राङ्क २७९) अप्रकाशित छ ।

ख) उनले काव्य (नाटक, स्तुति गीत र सन्त उपदेशात्मक गीतहरू) साधना रचना गरेका अर्को समयावधि ने. सं. ८६६–८७६ तदनुसार वि. सं. १८०३–१८१३ हो । ने. सं. ८६६–८७० तदनुसार वि. स. १८०३–१८०७ भित्रको समयावधिमा उनी आफ्नै एकजना काजि र आफ्नै रानी दयालक्ष्मीको मिलोमतमा रचिएको षड्यन्त्र द्वारा राज्यच्यूत भई सतुंगल, मातातीर्थ, ठिमी, गोदावरी, गोकर्ण र गुह्येश्वरीमा योगी भेषमा भौंतारिदै आश्रय लिदै निर्वासित जीवन व्यतीत गर्दै थिए । उनी त्यतिखेर आफूलाई राज्यच्यूत गराउने पक्षधरहरूलाई हटाई कान्तिपुर राज्य पुनः आफ्नो हातमा लिन जन-धन-शक्ति सञ्चय एवं संगठित गर्दै थिए । त्यतिखेर उनले केही सन्तउपदेश शैलीका गीत रचना र शक्ति उपास्य देवदेवीका स्तुति गीत रचेका थिए । त्यस मध्येका केही फुटकर सन्त उपदेशात्मक गीत ललितपुर गाबहाल कायगु ननिको दाफा अभिलेख ग्रन्थमा र ललितपुरको रातो मत्स्येन्द्र नाथको दाफा भजन गीत अभिलेख ग्रन्थमा रहेका पाइन्छन् । ती मध्ये केही भक्ति स्तुति र सन्त उपदेश रचना यहाँ उद्धरण सहित चर्चा गरिन्छः–

विनति छि पालि पलेस्वान तिओ महामाया ।।
देवि थकुरानि हे भवानि ।।ध्रु।।
श्रीखण्ड चन्दन धूप अर्घ पंचामृत चिसे हे ।।
अफोल जिफोल नाना स्वाँनया मालान ।।देवि।।१।।
छिगुलि वदन जोति सूर्य्य कोटि तेज उति हे ।
जोङाओ त्रिशूर ओल दैत्यया कारण ।।२।।
त्रिभुवन व्यापित दमरू शब्द थिक हे ।।
ङेङाओ मनस मनस ग्याक असुर कुबुधि ।।देवि।।३।।
श्री जयप्रकाश चोङा छि चरण वास हे ।।
पुरलपि आसा जि मनया अवि (भि)लासा(षा) देवि ।।४।।

—बुंग द्योया भजन सफू, पृष्ठांक १८२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः– हे महामाया भवानी ठकुरानी देवी भगवति, प्रभूको चरण कमलमा मलाई आश्रय दिनुहोस् । श्रीखण्ड चन्दन धूपवत्ती पंचामृत अर्घ कमल र कुन्द पुष्प आदि चढाउँछु । प्रभूको ज्योति करोडौं सूर्यको तेज जतिकै तेजिलो छ । दैत्य संहार गर्नालाई प्रभूले त्रिशूल धारण गर्नुहुन्छ । प्रभूको डमरुको आवाज त्रिभुवनभर गुञ्जायमान् छ । सो आवाज सुनेर कुबुद्धि भएका असुरको मन भयभित हुन्छ । श्रीजय प्रकाश प्रभूको चरण शरणमा भक्तिवास वस्न आएको छु । मेरो मनको अभिलाषा पूर्ण गराइदिनु होस् ।)

उपर्युक्त भक्ति रचना जयप्रकाश मल्ल राज्यच्यूत भई निर्वासन भइरहेको परिस्थितिमा गुह्येश्वरी देवी स्थानमा भक्तिवास गरिरहेको वखत ती देवीसित आफ्नो मनको इच्छा अभिलाषा (कान्तिपुर राज्य पुनः प्राप्तिको अभिलाषा) पुरा गराई देऊ भनी आत्मनिवेदन प्रार्थना गरिरहेको बुझिन्छ । उक्त रचनामा कवि जयप्रकाश मल्लको मनोबल र साहस त्यतिकै सक्रिय रहेको औ उनमा आशावादी दृष्टिकोण रहिरहेको ज्ञात हुन्छ । यस्तै प्रकारको भावाभिव्यक्ति प्रायः स्थानीय दाफा भजन अभिलेख ग्रन्थहरूमा रहेको औं स्व. मानदास तुलाधर-द्वारा संकलित **पुलांगु मे** दोश्रा भाग (ने सं. १०८७ चतुर्थ संस्करणमा) पुस्तकमा प्रकाशित 'जय जय भइरव....' शीर्षकको काठमाडौं पचलि भैरवको स्तुति गीतमा पनि पाइन्छ । प्रस्तुत भैरव स्तुति गीतमा जयप्रकाश मल्लले वैरी पक्षलाई पराजित पार्ने आत्मबल, शौर्य र साहस आफूमा सक्रिय नै रहेको औ आफूमा वीर रस स्थायी रूपमा संचारित भइरहेको देखाएका छन् । उपास्य इष्टदेव भैरवको भयावह रुप र आयुध वर्णन गरिकन उनले आफूमा पनि त्यस्तै ओजस्वी, शौर्य र भयावह व्यक्तित्व प्रकाशित गर्न सकूं भन्ने भाव प्रस्तुत स्तुति गीतमा अभिव्यक्तिएको छ । नेपाल उपत्यकावासीले भैरवलाई शक्ति, साहस र पराक्रम आदि गुण समृद्ध पार्ने औ देश रक्षक क्षेत्रपाल देवता मान्ने गर्छन् । यस्तै जन-बिश्वास र धारणाको आड भरोसा लिएर जयप्रकाश मल्लले प्रस्तुत भैरव स्तुति गीतमा 'संसारया गतिमति वसया पालि निपास ह्लाकह्म श्रीजयप्रकाश' (संसारका प्राणीहरूका गतिमतिको आश्रय भएका भैरवको चरण युगलमा शरण लिन श्रीजयप्रकाश उपस्थित छ) भनी प्रार्थना गरेका छन् ।

वीरध्वजोपाख्यान (६ अङ्कको पूर्णाङ्की तर हाल खण्डित र अपूर्ण अवस्थामा उपलब्ध– राष्ट्रिय अभिलेखालयमा छैठौं अङ्क मात्र र आशा सफू कुथि नरदेवीमा रहेकोमा भने तेश्रो र चौथो अङ्क मात्र पूर्ण अन्य अङ्क १, २ र ५ अङ्क खण्डित) ने. सं. ८७१–८७७ तदनुसार वि. सं. १८०८–१८१४ भित्र रचिएको हुनुपर्छ । सो नाटकको दोस्रो दिवसको दोस्रो दृष्यमा (पत्राङ्क ४२) नवजात राज-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[illegible]

[illegible]

[illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कुमारको जन्म पत्रिकाको पाठमा' ने सं. ८७१' उल्लेख भएकोले र राष्ट्रिय अभिलेखालयमा रहेको **वीरध्वजोपाख्यान** नाटकको अन्तिम पत्रमा एक ठाउँमा टिपिएको अर्क विषयको प्रकीर्ण टिपोटमा भिन्नै हस्ताक्षरको 'ने. सं. ८७७ नष्टाश्विन' जनिएकोले उक्त नाटकको रचनाकाल ठम्याउन केही सहायक सिद्ध भएको छ । यस हिसावले उक्त नाटक उनको राज्यच्यूत र निर्वासन समयावधि पश्चात उनले आफ्नो छोरा ज्योतिप्रकाशको राज्य शासन कार्यमा संरक्षकत्वको कर्तव्य निर्वाह गरिरहेको समयावधि औ किर्तिपुरको प्रथम-द्वितीय युद्ध विजय पछि रचिएको हो भन्ने तथ्य उक्त नाटकका गीतहरूमा राजमाता कुमुदिनी देवीप्रति कृतज्ञता र आस्थावान मातृभक्ति (एकतीस गीतहरूमा), राजकुमार ज्योतिप्रकाशका निम्ति निजको राज्य शासन स्थिर र सुरक्षित रहोस् भन्ने बर याचना प्रार्थना, रानी दयालछिमीको (एघाह्र गीतमा) नाम **रत्नेश्वर प्रादुर्भाव** नाटकको अपेक्षा कममात्र उल्लेख हुनु, पशुपति-गुह्येश्वरी, गुह्येश्वरी, जयवागेश्वरी देबदेवीका स्तुतिमा आत्मनिवेदनका बाहुल्य देखापर्नुले उपर्युक्त कुरा पुष्टि हुन्छ । भापा वंशावली र नेपाल देशको वंशावलीहरूमा वर्णित जयप्रकाश मल्लको शासन कालीन घटना वर्णन (राज्यच्यूत भएको वेलामा जयप्रकाश मल्ल योगी भेषमा राति ती उपास्य देव देवीहरूमा जाने गर्थे भन्ने वर्णन प्रसंग (श्री ५ को सरकारको पुरातत्त्व विभागबाट रमेशजङ्ग थापाको सम्पादनमा प्रकाशित **प्राचीन नेपाल**, अङ्क १९, पृ. ११) यहाँनेर मननीय छ । वीरध्वजोपाख्यान नाटकमा सत्यध्वज राजाकी जेठी रानी तर्फको जेठा राजकुमार वीरध्वजलाई कान्छी रानीको दवावमा परेर जङ्गलमा मार्न पठाइनु, जङ्गलमा वीरध्वजलाई ज्ञान सिङ र क्रोध सिङले नमारीकन त्यसै मुक्त गरिदिनु, केही महिनापछि जेठी महारानी शीलवती (वीरध्वजकी आमा) सौता रुपवतीको क्रूर व्यवहार असह्य भई जङ्गलमा जाँदा, जङ्गलमा आमा शीलवती र छोरा वीरध्वजको भेट हुनु, आमा शीलवतीले छोरा वीरध्वजलाई हनुमानको आश्रममा लगिकन हनुमानबाट वीरध्वजलाई शस्त्र शास्त्र विद्या सिक्न पठाइनु र पछि वीरध्वज विद्या पारंगत हुनु जस्ता घटनाक्रम गाँसिएका उपकथानकले सम्भवतः जयप्रकाश मल्लको राज्यच्यूत अवस्थाको स्थितिको र त्यस बखतउनले कान्तिपुर राज्य पुनः प्राप्तिको अभिलाषाले शक्ति सञ्चय गरिरहेको तथ्यतिर लाक्षणिक संकेत हो । शीलवतीले छोरा वीरध्वजलाई हनुमान कहाँ शस्त्र शास्त्र विद्यामा पारंगत गराएकी कथा प्रसङ्ग राजमाता कुमुदिनी देवीले राज्यच्यूत अवस्थामा गुह्येश्वरीमा भक्तिवास गरिरहेका जयप्रकाशलाई सहयोग जुटाएकीको लाक्षणिक संकेत हो । **वीरध्वजोपाख्यान** नाटकका गीतहरूमा राजमाता कुमुदिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

देवी प्रति मातृभक्ति, आपतकालीन सहयोग वापत कृतज्ञता र भक्ति दर्शाएका हुन् । यस वीरध्वजोपाख्यान नाटकमा उनले आफ्नी पत्नी दयालक्ष्मीको नाम दुई कारणले उल्लेख गरेको बुझिन्छ– क) आफ्नो मनमा दयालक्ष्मी प्रतिको स्नेहासिक्त दाम्पत्य प्रेम अमिट रहेको दर्शाउन, ख) कुमति भएका काजिको बहकाव र मिलोमतोमा लागी आफ्नो पति राजा जयप्रकाश मल्ललाई राज्यच्यूत गरेको अपराधको प्रायश्चित एवं राजासित आफैंले र सखीहरू मार्फत क्षमा याचना गर्ने अनुनय विनय गर्ने गराउने हिसाबले । ती गीतहरू यस प्रकारका छन्ः–

सहज अल्प मति, तिरि असयान ।
क्षमरपि थम सिसे मफु तय मान ।।ध्रु।।
वयसस रस दत, भूललपु मन खत
गुण उन गण थन मान,
भाओ तय मफत स्वहुने विवेक रत,
चतुर छि काम समान ।।
कुमुदिनी देवी सुत दको गुणनङ जुत,
श्री जयप्रकाश ल्हाय,
तिरिन धरम दने प्रभूया चरण जोने
विशेषन भिङ पद लाय ।।

–वीरध्वजोपाख्यान नाटकबाट (प्रकाशित पुस्तक पृ. ९५)

(भावार्थः प्रभु हजुर काम देव समान रसिक, ज्ञानी, गुणका खानी भनेर जग जाहेर छ । के गरूँ ? स्त्री जातिको मन सहजै चञ्चल हुन जान्छ, मति बिग्रन्छ र खराब काममा हात हाल्ने हुन्छ । प्रभु जस्ता सच्चा प्रेमी पतिको मान राख्न जानिनँ । यौवनकालमा प्रेम रस प्रभुबाट भोगें, मेरो मन पनि भुलियो । त्यस्ता गुणी र सम्मान गर्न योग्य प्रभुलाई यथायोग्य प्रेम र सम्मान पूर्ण व्यवहार गर्न जानिनँ । प्रभुको विवेकबाट क्षमा पाउने आशा गर्छु । कुमुदिनी देवीका सपुत सब तरहका गुणले युक्त भएको श्री जयप्रकाशले यो गीत भनेका हुन् । पत्नीको धर्म प्रतिव्रता धर्म पालन गर्नु हो । त्यस्तो गरेमा बिशेष इज्जत पाइन्छ ।)

कुमुदिनी देवी सुत जयप्रकाश सुत
ज्योतिपरकाश थ्व निह्मास
बिहुने रणस जय
सदाङ फुतकि भय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दया दसे पुर याओ आस

—वीरध्वजोपाख्यान (प्रकाशित पुस्तकको पृ. ७०–७१)

(भावार्थः कुमुदिनी देवीका छोरा जयप्रकाश, जयप्रकाशका छोरा ज्योति प्रकाश हुन् । यी दुवै जनालाई युद्धमा विजयी गराई दिनुस्, हरवखत विरोधि पक्षका तर्फबाट हुने भयबाट मुक्ति मिलोस् ।)

जयप्रकाश मल्लले आफ्नो चरित्र दोष यसरी केलाई देखाउँछन्:–

पशुपति गुह्येश्वरी प्रीतिन आरति याय,
अतिन कपति मति, अधरमि मदु जिति,
थन जिन मफु गति लाय,
मनन परम जोति स्वरुप मसिसे अति
लोभन जुया धन लाय ।।ध्रु।।
थम स्वसे निरगति, बिओ जित भिङ गति
छि भगति मफु जिन याय ।
करुणा दयकि भति, फुतकिओ दुरमति
जयपरकाशन ल्हाय ।।ध्रु।।

—ऐजनमा, पृ. १३९–१४०

(भावार्थः पशुपति गुह्येश्वरी, इष्ट देवदेवी समक्ष भक्ति प्रीति राखी आरति चढाउँछु । म अति नै कपटी, र अधर्मी भएँ क्यारे ! यसै हुँदा मेरो गति भएन (भलो भएन) । भित्री मनले प्रभुहरूको परम ज्योति जान्न सकिएन । भौतिक धन लाभ गर्ने र बचाउ गर्नमा एकमुरले लागिरहें क्यारे– लोभवश भएर ! मेरो यस्तो हविगत हवालमा सुदृष्टि दिनु भई मलाई उद्धार र कल्याण गर्नुहोस् । अलिक करूणा राखी मेरो दुर्मति हटाई दिनु होस् । जयप्रकाश भन्छन् ।)

प्रस्तुत आरति गीतमा राजा जयप्रकाश मल्लले आफ्नो चरित्र दोष र राजनैतिक भूलहरू औंल्याएका छन् । त्यसमा आफ्नै दुर्गुणले हुन गएका कुकर्मको प्रायश्चित र क्षमायाचना स्वरुपको आरति गीत साथै यो वीरध्वजोपाख्यान नाटक समाप्त गरेका छन् ।

उपर्युक्त वीरध्वजोपाख्यान नाटकको मूल अभिलेख ग्रन्थ प्रति केही अंश आशा सफू कुथिमा र केही अंश यस राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको तथ्य सूचना यसै पंक्तिकारले वि. सं. २०३४ सालमा राष्ट्रिय अभिलेखालयमा बिदा दिन वाहेक दिनहुँ ११-३ बजेसम्म रुजु हाजिर भई माइक्रोफिल्ममा पढी तयार गरेको 'राष्ट्रिय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखालय स्थित नेपाल भाषा/नेवारी अभिलेख ग्रन्थया वर्णनात्मक सूची' शीर्षकको अनुसन्धान परियोजनाबाट र ने. सं. ११०५-११०७ तदनुसार वि. स. २०४२-२०४७ मा सञ्चालन गरिएको आशा सफू कुथिमा रहेका बिभिन्न भाषा, लिपि र विषयका पाँचहजार अभिलेख ग्रन्थहरूका वर्णनात्मक सूची तयार गर्दा उपर्युक्त 'वीरध्वजोपाख्यान नाटकको वारेमा अझ विस्तृत तथ्य बर्णन सार्वजनिक गरे थें । (हेर्नुस् : **राष्ट्रिय अभिलेखालय स्थित नेपाल भाषा / नेवारी अभिलेख ग्रन्थ,** प्रकाशक: अनुसन्धान महाशाखा, त्रिविवि, वि. सं. २०४०) र **आशा सफू कुथिया अभिलेख ग्रन्थया वर्णनात्मक धल:** टोयोटा फाउण्डेशन जापानको आर्थिक अनुदान सहयोगबाट च्वसा पासा संस्थाबाट वि. सं. २०४७ /ने. सं. ११११, ई. सन् १९९१ मा प्रकाशित)

अचेल नेपालमा पूर्व अनुसन्धाताहरूको प्राज्ञिक साधनामा दाइँ गरी धनमान लाभ हत्याउने तथाकथित लेखकहरू अनुसन्धाताहरू देखा परेका छन् । त्यस्ता कुकृत्यबाट राष्ट्रको कुनै पनि भाषाको साहित्य वाङ्मयको समुत्थान हुँदैन । हालैमा नेपाल लिपि गुथि भन्ने संस्थाबाट शरद कसाको सम्पादनमा वीरध्वजोपाख्यान नाटक ने. सं. १११५ / वि. सं. २०५१ मा प्रकाशित भएको छ। त्यसमा यस पक्तिकारले उपर्युक्त अनुसन्धान दुई कृतिहरूका वर्णन तथ्यहरू सारेर लिई कतै पनि स्रोत ग्रन्थ र पूर्व अनुसन्धाताको नाम उल्लेख गरेको पाइएन । त्यसको भूमिका मन्तव्य लेखि दिनेहरूले पनि पूर्व अनुसन्धान कृतिको तथ्य कुरा बुझ पचाएर गुरु, महागुरु भई टोपल्नेहरूले नव लेखकहरूको सम्पादन कार्यको प्रशंसा गरेका छन् । विद्वान् ज्योतिले सवतिर प्रकाश छरेर उज्यालो पार्छ । अर्काको परिश्रम साधनामा दाइँ गर्नेले भ्रममा पारी कुमार्ग र कुकर्म देखाई पतित गराउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारसंहिता–द्रव्यगणाध्यायको (द्वितीय) तुलनात्मक अध्ययन

– डा. काशीराज शर्मा सुवेदी

आयुर्वेदका प्राचीन संहिताहरूमा उपलब्ध र महत्त्वपूर्ण ग्रन्थ भैकन दुर्लभ निधिको रुपमा विद्यमान ग्रन्थ सिद्धसार-संहिता हो । यसका लेखक दुर्गगुप्तका छोरा रविगुप्त हुन् । उनको समय बाग्भट द्वितीय पछि सातौं शताब्दीतिर मानिएको छ । तीसटाचार्यका छोरा चन्द्रटले (दशौं शताब्दी) चिकित्साकलिकाको व्याख्यामा सिद्धसारको उद्धरण दिएका छन् । चन्द्रनन्दनले पनि पदार्थचन्द्रिकामा यसको उद्धरण दिएका छन् । त्यसपछिका अरुणदत्त, विजयरक्षित (माधवनिदानका टीकाकार), निश्चलकर (चक्रदत्तका टीकाकार), आढमल्ल (शार्ङ्गधरसहिताका टीकाकार) र शिवदास सेनले (चरकसंहिता आदि ग्रन्थका टीकाकार) पनि यस ग्रन्थको उद्धरण दिएका छन् । यसबाट यो ग्रन्थ पन्ध्रौं शताब्दीसम्म विद्वत्समाजमा प्रचार हुँदै आएको स्पष्ट हुन्छ ।[१]

यो ग्रन्थ त्यसपछि गुरुशिष्य परम्पराबाट निरन्तर सुरक्षित भएपनि विशेष चर्चाको पात्र रहेन । यसका पाण्डुलिपिहरू कुनै नेपालमा, कुनै तिब्बतमा, कुनै भारतमा र कुनै विदेशहरूमा पुगेको वृत्तान्त अवगत भएको छ । यस ग्रन्थका तीन पाण्डुलिपिहरू राष्ट्रिय अभिलेखालयमा क्रमशः लगतसंख्या प्र. १११४, प्र. १६९७ ख ४ तथा पं. ७२४६ का साथै आयुर्वेद विषय संख्या अन्तर्गत ७१,७२,७६ को उल्लेख सहित सुरक्षित छन् ।

प्रसिद्ध जर्मन विद्वान् प्रा. आर्. ई. इमेरिक (R. E. Emmerick) ले सिद्धसारसंहिता ग्रन्थको अध्ययन-मनन तथा अनुसन्धान गरी यसको महत्त्व र स्वरूप आदिका सम्बन्धमा 'बुलेटिन अफ दी स्कूल अफ ओरिएण्टल एण्ड अफ्रिकन स्टडीज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(लन्दन)' भन्ने पत्रिकाका भाग– XXXIV, P+1,2, १९७१ तथा भाग– XXXVII, P+3, १९७४ मा लेखहरू प्रकाशित गरेका छन् । उनैले पछि राष्ट्रिय अभिलेखालयमा रहेका तीन पाण्डुलिपिका साथै खोतानी अनुवाद, भारतमा उपलब्ध पाण्डुलिपि आदि सबैको तुलनात्मक अध्ययनका साथ भूमिका, मूलग्रन्थ तथा निघण्टु सहित परिशिष्ट पनि समावेश गरी सिद्धसारसंहिताको प्रकाशन गरेका छन् ।[२] उक्त प्रकाशनमा भूमिका अंग्रेजी भाषामा, सिद्धसारसंहिताको मूल पाठ जति रोमन लिपिमा (प्रायः शुद्ध रूपमा) पाइन्छ । संस्कृत र अंग्रेजी दुबै भाषाका विज्ञका लागि सो ग्रन्थ निकै उपयोगी भएपनि संस्कृतमा विशेष दख्खल नभएका व्यक्तिले उल्टो-पाल्टो बुझ्ने सम्भावना देखिन्छ । वास्तवमा हराउन लागेको ग्रन्थलाई खोजी, अनुसन्धान गरी अनेकौं पाण्डुसिपि तथा सम्बन्धित ग्रन्थहरूको पाठसंग दाँजी पाएका सबै तथ्यहरूको समावेश गरी प्रकाशन गर्नु भएकोमा सबै आयुर्बेदका विज्ञहरू सदा प्रा. आर. ई. इमेरिकको हृदयदेखि आभारी रहनेछन् र वहाँबाट निरन्तर प्रेरणा पाउनेछन् । वहाँका यस कृतिबाट निकै परिश्रम र बुद्धिको सदुपयोग भएको बुझिन्छ, त्यसका लागि वहाँ सही प्रशसाको सुपात्र बन्नुभएको छ ।

ग्रन्थकार रविगुप्तले यो ग्रन्थ दाजु अवगुप्तको आदेश अनुसार धातृनागलाई लक्ष्य बनाइ रचना गरेका हुन् ।[३] यस ग्रन्थमा जम्मा ३१ अध्यायहरू र १३०० अनुष्टुप् छन्दका श्लोकहरू छन् । चरकसंहिता, सुश्रुतसंहिता आदि ग्रन्थहरूका महत्त्वपूर्ण विषयहरूलाई संक्षेपमा प्रस्तुत गर्ने क्रममा अष्टाङ्गहृदय पछि यही सिद्धसारसहिता महत्त्वपूर्ण ठहरिएको छ । माधवकर माधवनिदान लेख्दा यस ग्रन्थबाट प्रभावित भएका देखिन्छन् ।

राष्ट्रिय अभिलेखालयमा उपलब्ध सिद्धसारसंहिताका तीनै पाण्डुलिपिहरू ताडपत्रमा नेवारी लिपिमा लेखिएका छन् । ती पाण्डुलिपिहरूमा लगतसंख्या प्र. १११४, विषयसंख्या आयुर्वेद ७१ को पाण्डुलिपिका केही पत्रहरूका तलमाथि किनारहरू भाँचिएका छन् । पत्रहरूमा अक्षरहरू अस्पष्ट छन् । अरू बाँकी भागमा अक्षरहरू स्पष्ट बुझिने गरी लेखिएका छन् । ग्रन्थ अरू पाण्डुलिपिहरूको तुलना प्रायः पूर्ण भएको बुझिन्छ । यसको अन्तमा सिद्धसार निघण्टु पनि छ । उक्त निघण्टुमा सिद्धसारसंहिता ग्रन्थको दोस्रो अध्यायमा वर्णन गरिएका विभिन्न गण अन्तर्गतका पर्यायहरू क्रमैले लेखिएका छन् । त्यसमा जम्मा ९५ पत्रहरू छन् ।

अर्को लगतसंख्या १६९७, विषयसंख्या ७२ अन्तर्गतको पाण्डुलिपिमा ५४ पत्रहरू छन् । यसको पनि अन्तिम पत्रहरूमा निघण्टु उपलब्ध छ । लगतसंख्या पं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७२४६, विषयसंख्या– आयुर्वेद ७४ अन्तर्गतको पाण्डुलिपिमा पत्रसंख्या ७६ छ । यस पाण्डुलिपिको पहिलो पत्रमा ग्रन्थमा रहेका अध्यायहरूको शीर्षक र पत्रसंख्या विषय सूचीको रूपमा छ । यसको अन्तमा पनि निघण्टु भाग रहेकोछ । उक्त तीनै पाण्डुलिपिहरूमा ग्रन्थको मूलपाठ प्रायः समान भए पनि केही ठाउँहरूमा पाठान्तर पनि पाईन्छ ।

यस ग्रन्थको पहिलो अध्यायको शीर्षक 'तन्त्राध्याय' छ । दोस्रो अध्यायको शीर्षक 'द्रव्यगणाध्याय' छ । उक्त दुवै अध्यायहरूको विषयवस्तुको संक्षिप्त विवरण अभिलेख पत्रिकाको वर्ष १२, पूर्णाङ्क १२, २०५१ मा प्रस्तुत गरिएको छ । यस लेखमा दोस्रो अध्यायको विषयवारे विशेष चर्चा गरिनेछ ।

एक समान काम गर्ने द्रव्यहरू अर्थात् शरीर स्वस्थ राख्न र रोगहरू निको पार्न उपयोगी जडीबूटी, खनिज र प्राणिजन्य बस्तुहरूलाई तिनीहरूले शरीरमा गर्ने कामको आधारमा छुट्टाछुट्टै समूहमा राखी वर्णन गर्ने परम्परा सहिताकारहरूको रहेकोछ । त्यही अनुसार चरकसहितामा ५० महाकषायहरूको वर्णन गरिएको छ । त्यहाँ शरीरका विभिन्न अङ्गहरूलाई स्वस्थ राख्ने, शारीरिक स्वाभाविक गुणहरू सुरक्षित गर्ने हृद्य, कण्ठच, वर्ण्य, मेध्य आदि गणहरूको वर्णन छ । रोगहरूको उपचार गर्दा दोषहरूको शोधन-शमन गर्नुपर्ने हुँदा ती कामहरू गर्ने र विभिन्न रोग-हरू निको पार्ने द्रव्यहरू स्नेहोपग, स्वेदोपग, बमनोपग, हिक्कानिग्रहण, ज्वरघ्न, श्वासहर, कासहर, आदि गणहरू अन्तर्गत वर्णन गरिएको छ । यसरी चरकसंहितामा द्रव्यहरूको वर्गीकरण तिनीहरूको काम अनुसार गर्न खोजिएकोछ र गणहरूको नामाकरण द्रव्यहरूको कामको आधारमा गरिएकोछ ।[४]

सुश्रुत–संहितामा पनि एकै नासको काम गर्ने वा रोगहरू निको पार्ने विशेषता कै आधारमा द्रव्यहरूको वर्गीकरण गरी तिनीहरूलाई विभिन्न ३७ गणहरूको रूपमा उल्लेख गरिएको छ । त्यहाँ गणहरूको नामाकरण द्रव्यले गर्ने काम अनुसार होइन, द्रव्यहरूको वर्णन गर्दा पहिले उल्लेख भएको द्रव्यको आधारमा गरिएकोछ । जस्तैः– विदारिगन्धाको पहिले उल्लेख गरेको गणलाई विदारिगन्धादि, आरग्वधको पहिले उल्लेख भएको गणलाई आरग्वधादि । त्यस किसिमको वर्णनले एक समान काम गर्ने द्रव्यहरूमा बढी महत्त्वपूर्ण द्रव्यलाई सर्वप्रथम उल्लेख गरी त्यसैको नामबाट गणको नाम राख्न खोजिएको आशय बुझ्न सकिन्छ ।[५]

सुश्रुतसंहितामा त्यस किसिमले जम्मा ३७ गणहरूको वर्णन गरिएकोछ । त्यसपछिका ग्रन्थ अष्टाङ्ग संग्रह र अष्टाङ्ग हृदयमा सुश्रुतकै शैलीमा गणहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वर्णन गणको पहिलो द्रव्यका आधारमा गरिएको छ । सुश्रुतसंहितामा गणहरूको संख्या ३७ छ, अष्टाङ्ग संग्रहमा गणहरूको संख्या २६ र अष्टाङ्गहृदयमा पनि २६ नै छ। अष्टाङ्गहृदय आदिमा कम देखिएका ११ गणहरूका द्रव्यहरूको त्यही नामबाट अरू अध्यायहरूमा वर्णन गरिएको छ।[६] सुश्रुतसंहिता र अष्टाङ्गसंग्रहमा गणहरूको क्रम फरक पाइन्छ। अष्टाङ्गहृदयमा गणहरूको क्रम अष्टाङ्गसंग्रह जस्तै छ।

सिद्धसारसंहिताको दोस्रो द्रव्यगणाध्यायमा पनि सुश्रुतसंहिता र अष्टाङ्गसंग्रह जस्तै प्रमुख द्रव्यको नामबाट गणको नामाकरण गरिएको छ । अधिकांश गणहरूका नामहरू सूश्रुतसंहिता र अष्टाङ्गसंग्रह अनुरुप छन् । केही गणहरूका नाम फेरिएका छन्। गणहरूको संख्याक्रम उक्त तीनै थरी ग्रन्थहरूमा फरक पाइन्छ। जस्तैः–

गणको नाम	१ सुश्रुतसंहिताको क्रमसंख्या	२ अष्टाङ्गसंग्रहको क्रमसंख्या	३ सिद्धसारसंहिताको क्रमसंख्या
१. विदारिगन्धादि	१	१ (विदार्यादि)	१ (स्थिरादि)
२. आरग्वधादि	३	८	६
३. सालसारादि	३	९ (असनादि)	१४ (शालादि)
४. वरुणादि	४	१०	५
५. वीरतर्वादि	५	११ (वीरतरादि)	१३ (वीरवृक्षादि)
६. लोध्रादि	६	१३	७ (रोध्रादि)
७. अर्कादि	७	१४	१७
८. सुरसादि	८	१५	१८
९. मुष्ककादि[A]	९	१६	२१
१०. पिप्पल्यादि	१०	२६	३
११. एलादि	११	२४	४
१२. वचादि	१२	१८	९
१३. हरिद्रादि	१३	१९	१०
१४. श्यामादि	१४	२५	२२
१५. बृहत्यादि[B]	१५	×	११
१६. पटोलादि[C]	१६	६	१२
१७. काकोल्यादि[D]	१७	×	१४
१८. ऊषकादि	१८	११	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९. सारिवादि	१९	२	८
२०. अञ्जनादि[E]	२०	५	१६
२१. परूषकादि	२१	४	२०
२२. प्रियंग्वादि[F]	२२	२०	×
२३. अम्बष्ठादि[G]	२३	२१	८
२४. न्यग्रोधादि	२४	२३	२
२५. गुडूच्यादि[H]	२५	७	१३

A,B,C,D,E,F,G र H यी चिह्न अङ्कित गणहरू सिद्धसारसंहिताको पाण्डुलिपि नं. १ मा छैनन् ।

२६. उत्पलादि[A]	२६	×	१५
२७. मुस्तादि	२७	२२	२१
२८. त्रिफला[B]	२८	×	१०
२९. त्रिकटु[C]	२९	×	×
३०. आमलक्यादि[D]	३०	×	९
३१. त्रप्वादि[E]	३१	×	२४
३२. लाक्षादि	३२	×	×
३३. लघूपञ्चमूल[F]	३३	×	३० (कनिष्ठ)
३४. बृहत् पञ्चमूल[G]	३४	×	२९ (महत्)
३५. वल्ली पञ्चमूल[H]	३५	×	३१
३६. कण्टक पञ्चमूल[I]	३६	×	३२
३७. तृण पञ्चमूल[J]	३७	×	३३

A– अष्टाङ्गसंग्रह विविधगण संग्रहाध्यायमा (सू., १६ अ.) यो गण छैन ।

B– ,, ,, ,,

सू. स्था , अध्याय १२ मा यसको उल्लेख छ । श्लोक संख्या ३९–४७ ।

C– अष्टाङ्ग सं. सू. स्था. अ. १२ श्लोक संख्या ५०–५४ मा त्रिकटुको वर्णन पाइन्छ ।

D, E– सिद्धसारसंहिता, पाण्डुलिपि १ मा यी गण छैनन् ।

F, G - अष्टाङ्गसंग्रह, सूत्रस्थान, अ. १२, श्लोकसंख्या ५७–६२ मा उल्लेख छ ।

अ. १६ मा छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गणहरूको तीनै ग्रन्थमा अस्तित्वको बिचार गर्दा विदारिगन्धादि, आरग्वधादि, सालसारादि, वरुणादि, वीरतर्वादि, लोध्रादि, अर्कादि, सुरसादि, मुष्ककादि, पिप्पल्यादि, एलादि, वचादि, हरिद्रादि, श्यामादि, पटोलादि, ऊषकादि, सारिवादि, अञ्जनादि, परूषकादि, अम्बष्ठादि, न्यग्रोधादि, गुडूच्यादि र मुस्तादि यी २३ गणहरू तीनै ग्रन्थहरूमा पाइन्छन् ।

प्रियङ्ग्वादि गुण सुश्रुतसंहिता र अष्टाङ्ग संग्रहमा छ, सिद्धसारसंहितामा पाइँदैन ।

सुश्रुतसंहिता र सिद्धसारसंहिता दुवैमा बृहत्यादि, काकोल्यादि, आमलक्यादि, त्रप्वादिको समावेश छ । यी गणहरू अष्टाङ्ग संग्रहमा पाइएनन् ।

सुश्रुतसंहितामा भएको लाक्षादि गण अष्टाङ्ग संग्रह र सिद्धसारसंहितामा पाइँदैन । त्यस्तै अष्टाङ्ग संग्रहमा भएका पद्मकादि र वत्सकादि अरु दुई ग्रन्थहरूमा देखिएनन् ।

१. गणहरूमा समाविष्ट द्रव्यहरू

(१) सिद्धसारसंहितामा पहिलो स्थिरादि गण छ । स्थिरा (शालपर्णी), पुनर्नवा, एरण्ड, झषा (नागबला), ऋषभक, जीवक, श्वदंष्ट्रा (गोक्षुर), अभीरु (शतावरी), लाङ्गूली (पृश्निपर्णी), विदारी, हंसपादी, वृहतीद्वय, वृश्चिकाली, मुग्दपर्णी, माषपर्णी मर्कटी (कपिकच्छु), सहा (दण्डोत्पलक) यी १८ द्रव्यहरूको नाम त्यस गणमा पाइन्छ । सुश्रुतसंहिताको विदारिगन्धादि गणमा यी सबै द्रव्यहरू छन् । त्यहाँ भएका सारिवाद्वयको यस ग्रन्थको स्थिरादि गणमा समावेश भएको छैन र द्रव्यसंख्यामा २ को अन्तर छ ।[७]

२) न्यग्रोधादि गणमा न्यग्रोध (वट), उदुम्बर, प्लक्ष, मधूक, अश्वत्थ, तिन्दुक, पियाल, बदरी, अर्जुन, नन्दीवृक्ष, आम्र, वञ्जुल, पलाश, अरुष्कर (भल्लातक), श्वेतलोध्र, जम्बूत्रय यी १८ द्रव्यहरूको समावेश गरिएको छ । सुश्रुतोक्त न्यग्रोधादि गणमा यस बाहेक कोशाम्र, चोरकपत्र, रोहिणी, सल्लकी, कदम्ब र शाबरलोध्र यी ६ द्रव्यहरू थप छन् । अष्टाङ्गसंग्रहमा जम्बूत्रयका ठाउँमा जम्बूद्वयको उल्लेख छ, लोध्रद्वय पनि छन्, सोमवल्क (विट्खदिर) र कदम्ब पनि थप छन् । पष्टीमधुको यसमा समावेश अरुभन्दा फरक छ ।

३) पिप्पल्यादि गणमा पिप्पली, चित्रक, वचा, वत्स, कोल, ग्रन्थिक, मुस्तक, विश्व, एला, अतिविषा, कौन्ती, चव्य, ऊषण (मरिच), यवानी, भार्गी, मूर्वा, महानिम्बफल, अजाजी (जीरक), सर्षप, हिङ्गु, तिक्ता र विडङ्ग यी २२ द्रव्य-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हरूको उल्लेख पाइन्छ । यी द्रब्यहरू सुश्रुतसंहिता र अष्टाङ्गसंग्रहमा पनि छन् ।

४) एलादि गणमा– एला, बक्र (तगर), अम्बु (ह्रीवेर), कौन्ती (हरेणुका), त्वक्, पत्र, हेम (नागकेशर), अस्र (कुङ्कुम), चोरक, चण्डा (शङ्खिनी), अय (अगुरु), काल (तुरुष्क), पुन्नाग, दारु (देवदारु), गुच्छ (स्थौणेयक), रस (बोल), पुर (गुग्गुलु), सर्जरस, शुक्तिनख (शङ्ख), दधि (श्रीवासक), ध्याम (कतृण), कुण्ड (कुन्दुरुक), व्याध्र (व्याध्रनख), जटा (मांसी) र आमय (कुष्ठ) यी २५ द्रव्यहरूको उल्लेख गरिएको छ । सुश्रुतसंहितामा यी द्रब्यहरू भन्दा बढी ४ द्रव्यहरूको (प्रियङ्गु, श्रीवेष्टक, चोच र स्पृक्का) थपी २९ द्रव्यहरूको उल्लेख पाइन्छ । अष्टाङ्गसंग्रहमा द्रव्यहरूको संख्या २७ छ । सिद्धसारमा नभएका दुई द्रव्यहरू श्रीवासक र प्रियङ्गु यसमा थपिएका छन् । एलाका दुई भेदहरूको संकेत 'एलायुग्म' शब्दद्वारा भएकोछ ।

५) वरुणादि गणमा– वरुण, आर्तगलमा (सैरेयकभेद), अभीरु (शतावरी), बिल्व, अजशृङ्गी, मेषशृङ्गी, सैरेयक, बृहती, कण्टकारिका, दर्भ, पूतीक (करञ्ज-भेद), शिग्रुक, जया (अरणी), अग्निमन्थ, बिम्बा, चित्रक, चिरबिल्व, नक्तमाल र मोरट यी १८ द्रव्यहरूको उल्लेख सिद्धसारमा गरिएको छ । सुश्रुतसंहितामा द्रव्य-हरूको संख्या २२ छ । मधुशिग्रु, सैरेयकमध्ये एक, वसुक (अर्क वा बकपुष्प) तथा वसिर (अपामार्ग) यी ४ द्रव्यहरू बढी छन् । अष्टाङ्गसंग्रहमा पनि बरुणादि गणका द्रव्यहरूको जम्मा संख्या– १८ छ । द्रव्यहरू सिद्धसारसंहिता अनुरुप नै छन्, नामको मात्र फरक छ ।

६) सिद्धसारसंहिताको आरग्वधादि गणमा आरग्वध, अग्नि (चित्रक), शार्ङ्गेष्टा (काकतिक्ता), कण्टकी (विकङ्कत), निम्ब, पाटला, मूर्वा, घोण्टा (बदरी पूग), अमृता, राठ (मदन), पाठा, भूनिम्ब (किराततिक्त), कुलक (पटोल), करञ्जद्वय, वत्स-(इन्द्रयव), सैरेयक, सुषवी (तोयवल्ली) र सप्तपर्ण यी १९ द्रव्य-हरूको उल्लेख पाइन्छ । सुश्रुतसंहितामा पनि उक्त गण अन्तर्गत द्रव्यहरूको संख्या १९ नै छ । गणोक्त द्रव्यहरूमध्ये सबै द्रब्यहरूको क्रम फेरिएको छ । अष्टाङ्गसंग्रहमा उक्त गणका द्रव्यहरूको संख्या २० छ, सैरेयकको भेद बाण थपिएको छ । द्रव्यहरू उनै सिद्धरोक्त भएपनि तिनीहरूको नाम र क्रम फेरिएको छ । त्यसमा एक कारण दुवै ग्रन्थहरूमा छुट्टाछुट्टै छन्दमा श्लोक लेख्नु हो । सिद्धसारमा द्रव्यहरूको नाम वत्स पाटला, घोण्टा, मूर्वा, कण्टकी, राठ, सैरेयक, कुलक, सप्तपर्ण लेखेकोमा अष्टाङ्ग-संग्रहमा क्रमशः ती द्रव्यहरूको नाम इन्द्रयव, पाटलि, गोपघोण्टा, मधुरसा, स्रुववृक्ष, फल, सैर्यक पटोल र सप्तपर्ण लेखिएको पाइन्छ । अरू सिद्धसारोक्त गणहरूको नाम–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ती गणहरूमा बर्गीकृत द्रव्यहरूको नाम र संख्याको तुलनात्मक विवरण यस प्रकार छ–

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
७) लोध्रादि–	लोध्रद्वय, ल्पव (कुटभट) अशोक, रम्भा (कदली) शाल, एलवालुक, कदम्ब, जिङ्गिनी, श्रीपर्णी, वसुस्रवा ११	द्रव्यसंख्या १३६। रम्भापलाश छैनन् शल्लकीको नाम वसुस्रवा छ। फञ्जी र कट्फल दुई द्रव्य वढी छन्।	द्रव्यसंख्या १२६। सालको उल्लेख छैन। द्रव्यहरूको क्रम तलमाथि भएको छ। श्रीपर्णीलाई कट्फल, कदम्बलाई कुत्सिताम्ब, बसुस्रवालाई सरल प्लवलाई परिपेलव लेखिएको छ।
८) अम्बष्ठादि–	अम्बष्ठा (पाठा), धातकी, लोध्र, समङ्गा (लज्जालु) पद्मकेशर, मधुक, अरलु बिल्व=८।	द्रव्यसंख्या १० छ। पलाश, नन्दीवृक्ष दुई द्रव्य थप भएका छन्। अरलुको नाम कट्वङ्ग छ। द्रव्यहरूको क्रम तल माथि भएकोछ।	द्रव्यसंख्या ११ छ। सुश्रुतको अपेक्षा एक द्रव्य (कच्छुरा) थप छ। समङ्गाको सट्टा नमस्करीको उल्लेख भएकोछ।
९) आमलक्यादि–	आमलकी, अभया, कृष्णा (पिप्पली), चित्रक= ४।	द्रव्य सं. ४ नै छ। नाममा आमलकी, हरीतकी पिप्पली र चित्रकको उल्लेख छ।	विविध गणसंग्रहाध्याय– सू. १६ अ. मा यो गण छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
१०) त्रिफला–	अक्ष, धात्री, अभयाश= ३ ।	हरीतकी, आमलक, त्रिभीतक लेखिएकोले द्रव्यहरू समान् छन् । नाममा मात्र फरक छ ।	विविधौषध विज्ञानीय अध्यायमा (सू· १२) यसको उल्लेख छ ।
११) बृहत्यादि–	बृहती, धावनी (कण्टकारी), पाठा, पष्टीमधु, कलिङ्गक (इन्द्रयव)= ५ ।	द्रव्यसंख्या ५ समान छ । नामहरू प्रसिद्ध छन् ।	सू· स्था., अ· १६ मा यो गण छैन ।
१२) पटोलादि–	पटोल, चन्दन, मूर्वा, तिक्ता (कटुका), पाठा, अमृता=६ ।	द्रव्यसंख्या ७ छ । कुचन्दन भन्ने एक द्रब्य थपिएको छ ।	द्रव्यसंख्या=६ । द्रव्यहरूको क्रममा फरक छ । नाममा पनि कटुरोहिणी, मूर्वालाई मधुस्रवा अमृतालाई गुडूची लेखिएको छ । कुचन्दन छैन ।
१३) गुडूच्यादि–	गुडूची, निम्ब, धान्याक, मधूक, चन्दन=५ ।	द्रव्यसंख्या ५ नै छ, मधूक छैन । पद्मक छ । धान्याकलाई कुस्तुम्बुरु लेखिएको छ ।	द्रव्यसंख्या ५ छ । मधूक छैन, पद्मक छ । निम्बलाई अरिष्ट लेखिएको छ । चन्दनको स्थानमा रक्तचन्दन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रब्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
१४) काकोल्यादि–	काकोलीद्वय, मधुक, श्रृङ्गी, मेदाद्वय, जीवक, ऋषभक, प्रपौण्डरीक, मृद्वीका, ऋद्धि, बृद्धि, लुका, सहाद्वय, पयस्या, पद्मक, छिन्ना (गुडूची) = १८।	द्रब्यसंख्या १८ छ। काकोली, क्षीरकाकोली, मेदा-महामेदा र मुग्दपर्णी–माष-पर्णीको छुट्टाछुट्टै नाम उल्लेख भएको छ। जीवन्ती छ, पयस्या (विदारी) छैन। सहाद्वयको सट्टा मुग्दपर्णी, माष-पर्णी, छिन्नाको छिन्नरुहा श्रृङ्गीको कर्कशश्रृङ्गी, तुकाको तुगाक्षीरी नाम स्पष्ट लेखिएको छ।	यो गण अ. स., सू. १६ मा पाइएन।
१५) सारिवादि–	सारिवा, पद्मक, उशीर, मधुक; चन्दनद्वय, काश्मर्य, मधूक = ८ (सारिवादि नाम पनि लेखिएकोछ– पद्यमा)	द्रब्यसंख्या ८ छ। द्रव्यहरूमा समानता छ। चन्दनद्वयको ठाउँमा चन्दन र कुचन्दनको उल्लेख छ। द्रव्यहरूको क्रम तल माथि परेको छ।	द्रव्यसंख्या ८ छ। पद्मकको ठाउँमा परुषकको उल्लेख छ। अरू द्रव्य समान छन्। क्रममा भिन्नता छ।
१६) अञ्जनादि–	आञ्जन, तार्क्ष्यज, श्यामा, नाग,	द्रब्यसंख्या ८ छ। नीलोत्पल र नलद	द्रब्यसंख्या ९ छ। एला, मांसी र उत्पल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणको उल्लेख भएका द्रव्यहरूको नाम र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
	पङ्कजकेशर मधूक- ६ ।	थप द्रव्य हुन् । रसाञ्जनको तार्क्ष्यक्ष, नाग-पुष्पको नाग, प्रियङ्गुको श्यामा, नलिनकेशर पङ्कजकेशन लेखिएको छ ।	थप द्रव्य हुन् । श्यामाको ठाउँमा फलिनी, नागको नागाह्व, तार्क्ष्यज= रसाञ्जन, पङ्कज केशर = पद्म नामान्तर छ ।
१७) वचादि-	वचा, मुस्ता, अभया, दारु, नागर, अतिविषा- ६ ।	द्रव्यसंख्या- छ । द्रव्य उनै छन् । दारु=भद्रदारु नागर=नागकेशर भएको छ ।	द्रव्यसंख्या र द्रव्य समान छन् । मुस्ता=जलद, दारु=देवाह्व, नामान्तर छ ।
१८) हरिद्रादि-	द्रव्यसंख्या=५ द्रव्यनाम-हरिद्रा, कलशी, दारुनिशा, मधुक, वत्सक ।	५ द्रव्यहरू समान छन् । दारुनिशा=दारु-हरिद्रा, वत्सक= कुटबीज नाममा फरक छ ।	५ द्रव्यहरू उनै छन् । नाममा केही फरक छ हरिद्रा, दारुहरिद्रा= हरिद्राद्वय, मधुक= यष्टचाह्व, वत्सक= कुटजोद्भव ।
१९) ऊषकादि	द्रव्यसंख्या- ७ । द्रव्य-ऊष, सैन्धव, कासीसद्वय, हिङ्गु, शिलाजतु, तुत्थक ।	७ द्रव्यहरू समान ऊष (ऊषक) नामान्तर भएको छ ।	७ द्रव्यहरू समान छन् । 'ऊष' यो नामान्तर छ, अरु नाम समान छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
२०) वीरवृक्षादि–	द्रव्यसंख्या=१५ द्रव्य=वीरवृक्ष, अग्निमन्थ. काश, वृक्षादनी, कुश, मोरट, इन्दीवरी, सूर्यभक्ता, टुण्टुक, गोक्षुर, वसुक, वसिर, दर्भ, सैरेय, पाषाण-भेद।	१९ गणको नाम वीर-तर्वादि छ। सैरेयक-द्वय, गुन्द्रा, नल र कुरण्टिका बढी भएका द्रव्य हुन्। यहाँ दुवै सैरेयक भनिएको छ, सिद्ध मा सैरेय मात्रै। द्रव्य-हरूको नाममा केही फरक पाइन्छ– वीरवृक्ष=बीरतरु, मोरट=मोरटा, इन्दीवरी=इन्दीवर सूर्यभक्ता–कपोतवंका, टुण्टुक=भल्लक, गोक्षुर=श्वदंष्ट्रा, सैरेय=सहचरद्वय, पाषाणभेद=अश्म-भेदक।	२२ गणका नाम वीर-तराद्य छ। सिद्ध-सारको तुलनामा यसमा थप भएका अरु ७ द्रव्य– नल, गुण्ठ, सैर्यकभेद मुस्तक, मञ्जरी, कर्कश, अर्जून (पार्थ) हुन्। नामान्तर पनि छ– वीरवृक्ष=बीरतर अग्निमन्थ=अरणिक, सैरेय=सैर्यक, गोक्षुर=श्वदंष्ट्रा।
२१) मुष्ककादि–	द्रव्यसंख्या=११ द्रव्य– मुष्कक, त्रिफला, राठ, वृक्षक, अग्नि, स्नुही, धव, पलाश, शिशपा।	११ द्रव्य समान छन्। नामान्तर केही अंशमा भएकोछ– राठ=मदन, अग्नि=चित्रक,	९ सिद्ध. वा सुश्रुत. मा भएका तर यसमा छोडिएका दुई द्रव्य– मदन र वृक्षक हुन्। नामान्तर पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
		स्नुही=वज्रवृक्ष ।	भएको छ- स्नुही=स्नुग्, अग्नि=द्वीपी, त्रिफला=वरा ।
२२) शालादि-	द्रव्यसंख्या=१८ द्रव्य- शाल, स्पन्दन, कालीय, धव, सर्ज, अर्जून, असन, शिरीष, शिंशपा, भूर्ज खदिर, चन्दनद्वय, कदर, अश्वकर्ण, करञ्ज, खपुर, अगुरु ।	११ गणको नाम सालसारादि छ । सिद्ध.मा नभई यसमा थप देखिएका ५ द्रव्य-हरू कालस्कन्ध, मेषश्रृङ्ग, ताल, शाक र पूतीक हुन् । नामान्तर यस प्रकार छ- शाल=सालसार, स्पन्दन=तिनिश, कालीय=कालीयक, चन्दनद्वय=चन्दन, कुचन्दन, करञ्ज=नक्तमाल, खपुर=क्रमुक ।	२३ गणको नाम असनादि छ । द्रव्यहरू सुश्रुत जस्तै छन् । सिद्ध. र सुश्रुतका केही द्रव्यहरूको नामान्तर भएको छ । जस्तै- (सिद्ध०)- अर्जून=श्वेतवाह, करञ्ज=प्रकीर्या, शिरीष=भण्डी, चन्दनद्वय=त्रिहिम, (श्वेत, रक्तचन्दन, कालीय) अगुरु=जोङ्गक, सर्ज=द्वागकर्ण (सुश्रुत०)- खपुर=क्रमुक, ताल=तल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
२३) उत्पलादि–	द्रव्यसंख्या=६ द्रव्य– उत्पल कुमुद, पद्म, कह्लार, रक्कोत्पल, मधुक ।	७ सुश्रुतमा पद्म छैन, कुवलय,थप भएकोछ। अरू द्रव्यहरूमा नामा- न्तर भएको छ– कह्लार=सौगन्धिक, पद्म=पुण्डरीक ।	× यो गण छैन । सूत्रस्थान अ· १५ मूत्रविरजनीय गणमा यी द्रव्यहरूको उल्लेख भएकोछ । (श्लो. ३४)
२४) त्रप्वादि–	द्रव्यसंख्या=७ त्रपु, ताम्र, अय, सीस, हेम, रुप्य, तन्मल (धातुमल- मण्डूर ?) (तन्मला: बहु- वचनले धेरै धातु- हरूको मललाई बुझाउँछ) ।	७ द्रव्य समान छन् । केही द्रव्यहरूको नाममा अन्तर छ– अय=कृष्णलोह, हेम=सुवर्ण, रुप्य=रजत, तन्मल=लोहमल ।	× यो गण छैन । धातुहरूको गुण सूत्रस्थान अ· १२ १२–२५ मा वर्णन गरिएको छ ।
२५) सुरसादि–	द्रव्यसंख्या=२० सुरसद्वय, कासमर्द, फणिज्झक, अर्जक, भुस्तृण, निर्गुण्डी, सुरसी, फञ्जी, कुलाहल, सुगन्धिक, क्षवक, कालमाल, विषमुष्टि, प्रचीवल बिडङ्ग, काकमाची, मरुबक, मूषिकर्णिका, श्रीपर्णी ।	२२ कुठेरक र खरपुष्पा थप २ द्रव्यहरू छन् । केही द्रव्यहरूमा नामान्तर छ– सुगन्धिक=सुगन्धक, विषमुष्टि=विषमुष्टिक प्रचीवल=प्राचीवल मूषिकर्णिका= उन्दुरुकर्णिका ।	१८ सुश्रुतको अपेक्षामा ४ द्रव्य– कुठेरक आदि कम छ । सिद्ध०को तुलना गर्दा यसमा अर्जक, निर्गुण्डी कम छन् । नामान्तर– फणिज्झक=फणिज्न सुरसी=सरसी, कार्मुफ=?, भूतकेशी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
२६) परुषकादि–	द्रव्यसंख्या=८ द्रव्य– परुषक, दाडिम, द्राक्षा, काश्मरी, शाकफल, राजादन, धात्री, कतक।	१० कट्फल, हरीतकी, बिभीतक, यी तीन द्रव्य थपिएका छन्। अरु सिद्ध० जस्तै छन्। सुश्रुत० मा त्रिफला छ, सि०मा धात्रीमात्रै छ।	१० सबै द्रव्य सुश्रुत जस्तै छन्। नाममा अन्तर छ। त्रिफला=वरा, राजाह्व=राजादन शाकफल=शाक।
२७) मुस्तादि–	द्रव्यसंख्या=१५ द्रव्य– मुस्ता, पाठा, हरिद्राद्वय, तिक्ता, हैमवती, वचा, द्राविडी, अतिविषा, कुष्ठ, भल्लातक, त्रिफला, शार्ङ्गष्टा।	१६ एक द्रव्य चित्रक थप छ। अरु द्रव्य सिद्धसार. जस्तै छन्। नाममा केही अन्तर छ– हरिद्राद्वय=हरिद्रा, दारुहरिद्रा, तिक्ता=कटुरोहिणी, त्रिफला=हरीतकी, आमलक, त्रिफला।	१६ द्रव्यहरू सुश्रुत जस्तै छन्। नाममा केही अन्तर छ– अग्नि=चित्रक, द्विनिशा=हरिद्राद्वय द्वितिक्ता= कटुरोहिणी, शार्ङ्गष्टा, विषाख्या=अतिविषा, त्रुति=द्राविडी।
२८) श्यामादि–	द्रव्यसंख्या=१५ द्रव्य=श्यामा, दन्ती, द्रवन्ती, स्नुक, महाश्यामा, अमृता, त्रिवृत्, सप्तला, शंखिनी. श्वेता, राजवृक्ष,	१९ अधिकांश द्रव्यहरू उनै छन्। नाममा फरक छ। द्रवन्ती=पुत्रश्रेणी स्नुक=सुधा/रम्यक, क्रमुक, करञ्जभेद,	१८ अधिकांश द्रव्य सुश्रुत जस्तै छन्। केही द्रव्यहरू फरक छन्– क्रमुक, शिखरि, शोभाञ्जल (बहल), बहुरस। यी द्रव्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणको उल्लेख भएका द्रव्यहरूको नाम र संख्या	सुश्रुतसंहिता	अष्टाङ्गसंग्रह
	तिल्वक, कम्पिल्लक, करञ्ज, स्वर्णक्षीरी ।	कावाक्षी, छगलान्त्री ५ द्रब्य बढी छन् ।	सुश्रुत.मा सिद्धसारमा छैनन् । नामान्तर पनि पाइन्छ- कुठरणा (श्वेत त्रिवृत्) चर्मसाह्वा (सप्तला), बस्तान्त्री (वृद्धदारु), रजनक (कम्पिल्लक) आदि ।
२९) **महत्पञ्चमूल**-	द्रब्यसंख्या=५ विल्व, अग्निमन्थ, टुण्टुक, श्रीपर्णी, पाटला ।	५ विल्व, अग्निमन्थ, टिण्टुक, पाटला, काश्मरी, / द्रब्य समान छन् । श्रीपर्णीको नाममा फरक काश्मरी छ ।	५ बृहत् पञ्चमूल भनि-एकोछ । द्रब्य उनै छन्, नाममा फरक छ । श्रीपर्णी=काश्मर्य, अग्निमन्थ=तर्कारी, टिण्टुक=टुण्टुक ।
३०) **कनिष्ठपंचमूल**-	द्रब्यसंख्या=५ पृष्ठपर्णी, स्थिरा, एरण्ड, बृहतीद्वय ।	५ एरण्डको सट्टा गोक्षुर छ । केही द्रब्यहरूको नाम फरक छ । पृष्ठपर्णी, स्थिरालाई पृथकपर्णी र त्रिदारि गन्धा लेखिएको छ । गणको नाम कनीय पञ्चमूल छ ।	५ यसमा पनि एक द्रब्य गोक्षुर छ । पृष्ठपर्णी, स्थिरालाई अंशुमती-द्वय लेखिएको छ । गणको नाम कनिष्ट पञ्चमूल छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिद्धसारोक्त गणको क्रमसंख्या र नाम	उक्त गणमा उल्लेख भएका द्रव्यहरूको नामहरू र संख्या	सुश्रुतसंख्या	अष्टाङ्गसंग्रह
३१) वल्ली-पंचमूल-	द्रव्यसंख्या=५ विदारि, सारिवा, छागश्रृङ्गी, वत्सादनी, निशा ।	५ द्रब्यहरू समान छन् । नाममा केही फरक छ- छागश्रृङ्गी=अजश्रृङ्गी, वत्सादनी=गुडूची, निशा=रजनी ।	५ द्रव्यहरू उनै छन् । नाम केही फरक छ- निशा=हरिद्रा, वत्सादनी=गुडूची ।
३२) कण्टकपंचमूल-	द्रब्यसंख्या=५ गृध्रा, हली, श्वदंष्ट्रा, सैरेय, करमर्द ।	५ हलीको ठाउँमा शतावरी छ । अरु द्रब्यहरू समान छन् । नाममा केही फरक पाइन्छ- गृध्रा=गृध्रनखी, श्वदंष्ट्रा=त्रिकण्टक, सैरेय=सैरीयक, करमर्द (करमर्दिका) ।	५ द्रब्यहरू सुश्रुत समान छन् । शतावरीको अभीरु नाम छ, सैरेयको सेरयक छ, गृध्रा=हिस्रा छ ।
३३) तृण-पंचमूल-	द्रब्यसंख्या=५ कुश, काश, दर्भ, नड मात्र छ ।	५ कुश, काश, नल दर्भ र काण्डेक्षु नाम छ ।	× शर, दर्भ, इक्षु, शालि काशको नाम छ । शालि नलको ठाउँकोमा आएकोछ । कुशको ठाउँमा शर छ ।

२. गणोक्त द्रव्यहरूका गुणकर्महरूः-

सिद्धसारसंहितामा पनि सुश्रुतसंहिता तथा अष्टाङ्गसंग्रहमा गरे जस्तै गणका द्रब्यहरूको नामको उल्लेखपछि तिनीहरूका गुणहरूको वर्णन गरिएकोछ । सक्षेपमा वर्णन गर्दा घेरै कुरा छुटेपनि विशेष महत्त्वको तथ्य त्यहाँ उल्लेख भएको अनुमान गर्न सकिन्छ । सिद्धसारसंहिताको दोश्रो गणाध्यायमा वर्णित विभिन्न गणोक्त द्रव्यहरूका गुणकर्महरू निम्नानुसार छन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१) **स्थिरादि–** शोष, गुल्म, वातव्याधि, श्वास, कास निको पार्ने र पित्त-शामक हुन्छ ।

(२) **न्यग्रोधादि–** पित्तविकार, रक्तमेह, दाह र योनिरोग निको पार्छ, घाऊ भर्न मद्दत पुऱ्याउँछ ।

(३) **पिप्पल्यादि–** वात कफविकारको नाश गर्छ ।

(४) **एलादि–** पिडका, कण्डू (चिलाउने), विषको असर, वायु र कफबाट उत्पन्न रोग निको पार्छ ।

(५) **वरुणादि–** भित्री घाउ, कफ र बोसोको विकार, गुल्म र शिरको दुखाई निको पार्छ ।

(६) **आरग्वधादि–** प्रमेह, कुष्ठ, ज्वर, वमन, विषदोष र कफको रोग निको पार्छ ।

(७) **लोध्रादि गण–** यसले कफ र मेद सुकाउँछ, योनिको रोग निको पार्छ, व्रण (घाउ) निको पार्छ, बगिरहेको रगत रोक्छ, विषको असर हटाउँछ ।

(८) **अम्बष्ठादि गण–** पक्वातिसार (अतिसारको दोस्रो अवस्था) निको पार्छ ।

(९) **आमलक्यादि गण–** सबै किसिमको ज्वर, कफको विकार निको पार्छ, शक्ति बढाउँछ, भोक जगाउँछ ।

(१०) **बृहत्यादि गण–** पाचनशक्ति राम्रो बनाउँछ, मूत्रकृच्छ्र (पिसाब गर्दा कष्ट हुने रोग) निको पार्छ, वात-पित्त कफ तीनै दोषहरूको शमन गर्छ ।

(११) **पटोलादि गण–** पित्त र कफको शमन गर्छ: अरुचि, ज्वर, कण्डू रोग निको पार्छ, विषनाशक हुन्छ ।

(१२) **गुडूच्यादि गण–** तृष्णा, दाह, अरुचि, वमन र ज्वरहरू निको पार्छ ।

(१३) **काकोल्यादि गण–** शरीरलाई पुष्ट बनाउनमा उत्तम हुन्छ, महिलाहरूमा दूधको मात्रा बढाउँछ, जीवनको अवधि बढाउँछ, वृष्य (यौनशक्ति बढाउने) हुन्छ; पित्त, वायु र रगत सम्बन्धी रोगहरू निको पार्छ ।

(१४) **सारिवादि गण–** चाँडै नै रक्तपित्त निको पार्छ, कडा तिर्खा मेट्छ, तिव्र पित्तको ज्वर, वमन, प्रमेह र दाह निको पार्छ ।

(१५) **अञ्जनादि गण–** पित्त र रगतसग सम्बन्धित दाह आदि रोग निको पार्छ, विषको असर हटाउँछ ।

(१६) **वचादि गण–** दोषहरूको पाचन गर्छ, आमातिसार र स्तन्यदोष निको पार्छ ।

(१७) **हरिद्रादि गण–** वचादि गण जस्तै गुणकर्म हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१८) **त्रिफला**– विषमज्वर निको पार्छ, आँखालाई हित गर्छ, दीपन गर्छ; प्रमेह, कुष्ठ र पित्त तथा कफ सम्बन्धी रोगहरू नष्ट गर्छ ।

(१९) **ऊषकादि गण**– मेद (बोसो) धातु कम पार्छ, शर्करा र अश्मरी रोग निको पार्छ ।

(२०) **वीरवृक्षादि गण**– अश्मरी, शर्करा, मूत्रकृच्छ्र, वातव्याधि निको पार्छ ।

(२१) **मुष्ककादि गण**– मेद कम गर्छ; अर्श, अश्मरी र प्रमेह रोग निको पार्छ ।

(२२) **शालादि गण**– कफज रोग, पाण्डु, कुष्ठ र प्रमेह रोग निको पार्छ ।

(२३) **उत्पलादि गण**– पित्त र रगत सम्बन्धी रोग, तृष्णा, वमन एवं विषविकार निको पार्छ ।

(२४) **त्रप्वादि गण**– गुल्म, हृदयरोग, पाण्डु, प्रमेह र गरविषको निवारण गर्छ ।

(२५) **सुरसादि**– क्रिमिहरू नष्ट गर्छ, कफलाई कम पार्छ; कास, अरुचि, प्रतिश्याय र श्वासरोग निको पार्छ, व्रणशोधन (घाउ सफा पार्ने काम) गर्छ ।

(२६) **परुषकादि**– वायुको शमन गर्छ, हृदयलाई हित गर्छ, भोजनमा रुचि गराउँछ तृष्णा र मूत्रदोष निको पार्छ ।

(२७) **मुस्तादि गण**– कफज रोगहरू निको पार्छ । शोधन (शरीरलाई शुद्ध पार्ने) र पाचनशक्ति बढाउने काम गर्छ, दूधको दोष हटाई त्यसको मात्रा बढाउँछ, योनिरोग निको पार्छ ।

(२८) **श्यामादि गण**– उदावर्त, उदर, आनाह, विषविकार, गुल्म निको पार्छ ।

(२९) **महत् पञ्चमूल**– दीपन र कफवातशामक हुन्छ ।

(३०) **कनिष्ठ पञ्चमूल**– बृंहण, वातपित्तशामक हुन्छ ।

(३१) **वल्ली पञ्चमूल**– मूत्रकृच्छ्र, वाय् र पित्तको विकार शमन गर्छ ।

(३२) **कण्टक पञ्चमूल**– वायु र कफको दोष शमन गर्छ ।

(३३) **तृण पञ्चमूल**– पित्तज मूत्रकृच्छ्र निको पार्छ, वस्तिको शोधन गर्छ ।

३. अन्य विषयहरूः–

क) द्वितीय अध्यायमा गणहरूको वर्णनपछि गणोक्त द्रव्यहरूको योगबाट तैल, घृत, लेप र पानकहरू आवश्यक भएको ठाउँमा विधि पुऱ्याएर बनाउने निर्देश गरिएको छ ।

ख) स्नेह निर्माणका लागि आवश्यक विधि यस प्रकार भनिएकोछ । घृतको निर्माण गर्दा– आवश्यक औषधिको चौगुना पानी राखी पकाएपछि चौथाई बाँकी रहँदा क्वाथ तयार हुन्छ । त्यो क्वाथ स्नेह (घ्यू) जति छ त्यसको चौगुना (चार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दोब्बर) राख्नु पर्छ, दूध स्नेहको बराबर र कल्क स्नेहको चौथाई भाग राख्नुपर्छ ।

ग) त्यसरी औषधि राखी पकाएको स्नेह तयार भएपछि खान र वस्ति दिन योग्य हुन्छ । (मध्यम पाक) । खर पाक भएको स्नेह अभ्यङ्गका लागि प्रयोग गर्नुपर्छ । मृदु पाक भएको स्नेह नस्यका लागि प्रयोग गर्नुपर्छ । सामान्यतया औषधिको निर्माणको विधि यही हो ।

४. निष्कर्षः–

१) सिद्धसारसंहितामा प्रायः सुश्रुतोक्त गणहरू सबै आएका छन् । गणहरूको क्रम तलमाथि परेको छ । पहिलो गणको नाम 'स्थिरादि' भनेर बदलिएको छ । अरु गणहरूको नाम सुश्रुत जस्तै छ ।

२) सिद्धसारमा गणहरू अन्तर्गत समावेश भएका द्रव्यहरूको संख्यामा परिवर्तन पनि भएकोछ । केही द्रव्यहरू सुश्रुत जस्तै भए पनि तिनीहरूको छुट्टै नाम लेखिएकोछ ।

३) गणोक्त द्रव्यहरूको गुणको वर्णन सुश्रुत· अथवा अष्टाङ्ग भन्दा संक्षिप्त छ ।

४) सुश्रुत० तथा अष्टाङ्गसंग्रहमा प्रत्येक गणको नामनिर्देश भएकोछ । सिद्धसारमा ३३ गणहरूमध्ये ४-५ गणहरूको मात्र नाम लेखिएकोछ । अरु गणहरूको नाम गणको पहिलो द्रव्यको नामबाट बुझ्नुपर्ने छ ।

५) औषधि निर्माण सम्बन्धी निर्देश अतिसंक्षिप्त र संकेतात्मक छ । स्नेहपाकको मात्र उल्लेख भएकोछ ।

५. कृतज्ञता प्रकाशनः–

यस लेखको रचनाका लागि प्रोत्साहन दिने 'अभिलेख' पत्रिकाको सम्पादन–मण्डल, सामग्रीद्वारा सहयोग पुऱ्याउने माइक्रोफिल्म शाखा, राष्ट्रिय अभिलेखालय, एवं विद्वान् श्री महेशराज पन्त, डा. नरेन्द्रनाथ तिवारीज्यूका साथै आयुर्वेद क्याम्पस पुस्तकालय परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

६. सन्दर्भ विवरणः–

१) द्रष्टव्यः– आयुर्वेदका वैज्ञानिक इतिहास– आचार्य प्रियव्रत शर्मा, चौखम्बा ओरियन्टालिया, वाराणसी, द्वितीय संस्करण, १९८१ । पृ. १९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२) The Siddhasar of Ravi Gupta, Volume 1: The Sanskrit Text. Edited by R. E. Emmerick, Franz Steiner Verlag GHBH. Wiesbaden 1980.

३) "एकत्रिंशदिमेऽध्याया निबद्धास्तन्त्रपद्धतौ ।
अनुष्टुप्छन्दसा श्लोकत्रयोदशशतान्विताः ।।
नियोगाद् देवगुप्तस्य भ्रातुर्ज्येष्ठस्य संहिताम् ।
पाण्डुनागं समुद्दिस्य रबिगुप्तोऽकरोदिमाम् ।।"

—सिद्धसारः अन्तिम श्लोक, पृ. १४८

४) चरकसंहिता, सूत्रस्थान, अध्याय ४ ।
५) सुश्रुतसंहिता, सूत्रस्थान, अ. ३८ ।
६) अष्टाङ्गसंग्रह, सूत्रस्थान, अ. १२ ।

७) (क) "पुनर्नबास्थिरैरण्डऋषर्षभजकजीवकाः ।
श्वदंष्टाभीरुलाङ्गूली विदारीहंसपादिकाः ।।
बृहत्यौ वृश्चिकाली च द्वे सहे मर्कटीसहाः ।
शोषगुल्मानिलश्वासकासपित्तहरो गणः ।।

—सिद्धसारसंहिता, अ. २, श्लो. १, २, पृ. २२

(ख) "विदारिगन्धा विदारी विश्वदेवा सहदेवा श्वदंष्ट्रा पृथक्पर्णी शतावरी सारिवा कृष्णसारिवा जीवकर्षभको महासहा क्षुद्रसहा बृहत्यौ पुनर्नवैरण्डो हंसपादी वृश्चिकाल्यृषभी चेति ।
त्रिदारिगन्धादिरयं गणः पित्तानिलापहः ।
शोषगुल्माङ्गमर्दोर्ध्वश्वासकासविनाशनः ।।

—सुश्रुत०, सूत्र. ३८।४–५

ग) विदारि–पञ्चाङ्गुल–वृश्चिकाली–वृश्चीव–देवाद्वय–सूर्पपर्ण्यः ।
द्वे पञ्चमूले लघुजीवनाख्ये कण्डूकरी गोपसूता त्रिपादी ।।३।।
विदार्यादिरयं ह्वद्यो बृंहणो वातपित्तहा ।
शोषगुल्माङ्गमर्दोर्ध्वश्वासकासहरो गणः ।।"

—अष्टाङ्गसंग्रह, सू., १६।३–४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. सहायक ग्रन्थसूचीः–

१) आयुर्वेदका वैज्ञानिक इतिहास– आ० प्रियव्रत शर्मा ।

२) The Siddhasara of Ravi Gupta
Volume 1: The Sanskrit Text, Edited by R.E. Emmerick.

३) सुश्रुतसंहिता– डल्हणाचार्यविरचितया निबन्ध संग्रहाख्य, व्याख्यासहिता, चौखम्बा ओरियन्टालिया, वाराणसी, पुनर्मुद्रित चतुर्थ संस्करण, १९८० ।

४) अष्टाङ्गसंग्रह, हिन्दी भाषानुवादसहित, निर्णयसागर मुद्रणालय, बम्बई, सन् १९५१ ।

५) अमरकोश– रामाश्रमीटीकोपेतः ।
निर्णयसागर प्रेस, बम्बई, पञ्चम् संस्करण, १९२९ ।

६) अष्टाङ्गनिघण्टुः – आचार्यबाहटकृतः, प्रियव्रतशर्मणा प्रकाशितः सोपोद्घातः दी कुप्पुस्वामी शास्त्री रिसर्च इन्स्टीच्यूट, मद्रास, प्रथम संस्करण, १९७३ ।

७) अभिलेख पत्रिका, वर्ष १२, पूर्णाङ्क १२, २०५१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेखन सामग्रीको रुपमा ताडपत्र

–हरिराम जोशी

आजको विश्वमा प्रमुख लेखन सामग्रीको रुपमा कागजलाई लिइएको छ । कागज बाहेक अन्य सामग्रीहरू ज्यादै न्यून मात्रामा मात्र आज प्रयोगमा ल्याइएको हामी पाउँछौं । तर, प्राचीन कालमा कागजको अतिरिक्त अरु विभिन्न बस्तुहरू प्रचलनमा थिए, तिनीहरू मध्ये केहीका नाम यी हुन्- भूर्जपत्र, ताडपत्र, कागज, सूतीकपडा, काष्ठपट्ट, चर्म, शिला, इँट, धातु आदि । यी विभिन्न उपकरणहरू मध्ये अहिले यहाँ ताडपत्र बारे मात्रै विवेचना गर्ने प्रयास गरिने छ ।

बौद्ध जातक ग्रन्थहरूको अध्ययनमा प्राचीन कालमा लेखन सामग्रीको रुपमा पण्ण (=पर्ण अर्थात् पत्तो)को प्रयोग बारे हामीलाई जानकारी मिल्छ । यी पत्तीहरू कुन बृक्षका हुन् भन्ने कुरा स्पष्ट रुपले वर्णित नभएतापनि यिनीहरू ताडबृक्षका पत्ती भएको कुरामा सम्भावनाकै आधिक्य छन् । युआन च्वाङ्गको यात्रा वृत्तान्त अनुसार प्रथम बौद्ध संगीतिमै ताडपत्रमा त्रिपिटक लेखिएको थियो । ताड यद्यपि मूलतः दक्षिण भारतकै देशज बृक्ष थियो, जसको कारण लेखन कार्यमा सर्वप्रथम यसको प्रयोग दक्षिणमै भएको अनुमान हुन्छ । पछि गएर लेखन कार्यमा ताडपत्रको उपयोगितालाई महसूस गरी न केवल दक्षिण भारत बल्कि भारतका अन्य भाग एवं नेपालमा पनि यसको अत्यधिकमात्रामा प्रचार भयो । भारतका कुछेक भागमा ताडपत्रको प्रयोग भूर्जपत्रको प्रयोगको अपेक्षा प्राचीनतर थियो । यस कुराको प्रामाणिकता यसबाट पनि सिद्ध हुन्छ कि भूर्जपत्र आकार औ परिमाणमा ताडपत्रको बराबर टुक्रामा बनाइन्थ्यो । बावरको हस्तलिखित प्रतिको भूर्जपत्र ताडपत्रको आकारमै काटिएका छन् । यही कुरा तक्षशिला ताम्रपट्टको बारेमा पनि सत्य छ । यो ताम्रपट्ट ईशाको प्रथम शताब्दीको मानिन्छ ।

ताडपत्रमा लेखेको सर्व प्राचीन हस्तलेख अहिलेसम्मको खोजीमा एक नाटक रहेको छ जो अनुमान तः द्वितीय शताब्दी ई. को रहेको छ । काशगरमा प्राप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हस्तलेख, जुन मैकार्टन द्वारा त्यहाँ खोज निकालेका थिए, चौथो शताब्दी ई. को मानिन्छ । पुरालिपिक प्रमाणहरूबाट हार्नलीले उक्त गाउफे संग्रहमा संगृहित हस्तलेख चौथो शताब्दी ई. भएको कुरातिर सर्वप्रथम निर्देश गरेका थिए । जापानको होरीउजी बिहारमा सुरक्षित हस्तलिखित ग्रन्थहरू यथा प्रज्ञापारमिता हृदयसूत्र र उष्णीष विजयधारणी जुन भारतमा लेखिएका थिए, छैठौं शताब्दी ई. को मानिन्छन् । नेपालको राष्ट्रिय अभिलेखालयमा संगृहित ताडपत्रमा लेखेको स्कन्द पुराण छैठौं शताब्दी ई. को रहेको छ । कैम्ब्रिज संग्रहमा सुरक्षित परमेश्वरतन्त्र सम्वत् २५२ अर्थात् नवौं शताब्दी ई. को मध्यताकातिर लेखेको थियो । त्यस्तै ने. सं. २८ अर्थात् दशौं शताब्दी ई. को प्रारम्भतिर लिखित लङ्कावतार राष्ट्रिय अभिलेखालय मैं संगृहित छ ।

हस्तलिखित ग्रन्थहरूको अनुरुप घर खेत वेचविखन, बन्धकी आदिसित सम्बन्धित पत्र पनि प्राचीन कालदेखिनै ताडपत्रमा लेखिंदै आएको कुराको अनुमान हुन्छ । यस किसिमका तमसुक पत्रहरूमध्ये नेपाल सम्वत् १०३ को बन्धकी सम्बन्धि ताडपत्र तमसूक अहिलेसम्म प्राप्त तमसुकहरूमध्ये सबैभन्दा प्राचीन भएको लाग्दछ । नेपाल भाषाको पहिलो प्रयोग अहिले सम्मको खोजीमा नेपाल सम्वत् १२५ को भक्तपुरको एक शिलाभिलेखमा भएको पाइएको छ । यसको अनन्तर ललितपुरस्थित रुद्रवर्ण महाबिहारमा संगृहीत नेपाल सम्वत् २३५ को ताडपत्र तमसूकमा नेपाल भाषाको प्रयोग भएको छ ।

लेखन कार्यको लागि ताडपत्र एक विशेष प्रकारले बनाइन्थ्यो । राजेन्द्रलाल मित्रको अनुसार लेख्ने काममा आउने ताडपत्रहरूलाई सर्वप्रथम सुकाइन्थ्यो । फेरि, पानीमा उबाल्नु या पानीमा भिजाइन्थ्यो । त्यसपछि फेरि सुकाई ती सुकेका पत्ताहरूलाई पत्थर या शखले घोटेर चिल्लो पारिन्थ्यो । अनि एक निश्चित आकारमा पत्ताहरूलाई काटेर लेख्ने काममा उपयोग गरिन्थ्यो । नेपाल र पश्चिम भारतवाट प्राप्त जत्ति पनि ताडपत्रका पुस्तकहरू छन् तिनीहरूमा अकसर यस्ता चिह्नहरू पाइन्छन्, जसबाट ती ताडपत्रहरूको निर्माण उपर्युक्त ढङ्गबाटनै गरिएको कुराको जानकारी मिल्छ । ती ताडपत्रहरूको लम्बाइ एकदेखि तीन फुट र चौडाई चार इञ्चदेखि सबाफुटसम्म हुने हुन्छ ।

होरीउजी बिहारमा संगृहित हस्तलिखित ग्रन्थहरू, काशगरमा प्राप्त हस्तलिखित ग्रन्थ जुन गाउफे संग्रहमा संगृहीत छ तथा नेपाल बंगाल, राजस्थान, गुजरात र डेक्कनवाट प्राप्त हस्तलिखित ग्रन्थहरूबाट सिद्ध हुन्छ कि ताडपत्रहरूमा अत्यन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राचीन समयदेखि ग्रन्थ, तमसुक आदि लेख्दा मसीको प्रयोग गरिन्थ्यो । तर, दक्षिण भारतमा ताडपत्रहरूमा लौह लेखनीले अक्षर खोदी त्यसमा काजल या कोयलाका धुलाले पोतिन्थ्यो । छोटा ताडपत्रको बीचमा एउटा र लामा ताडपत्रको बीचमा दुबैतिर प्वाल बनाइन्थ्यो । ताडपत्रहरूलाई एकसाथ मिलाई राख्नुको लागि प्वालमा डोरी राखिन्थ्यो । नेपाल एवं भारतका सबै भागहरूमा ताडपत्र अत्यधिक मात्रामा पाइने हुँदा ताडपत्रको व्यापक प्रचार यहाँ भएको थियो । तर, लेखन कार्यमा कागजको प्रयोग जसै बढ्न लागेको थियो ताडपत्रहरूको प्रयोग कम हुन गयो । लेखन कार्यमा ताडपत्रको उपयोग अहिले त छंदै छैन भने पनि हुन्छ ।

सन्दर्भ ग्रन्थः–

१) जार्ज ब्यूलरः भारतीय पुरालिपि–शास्त्र, मोतीलाल बनारसीदास, १९६६ ।

२) राजबली पाण्डेः भारतीय पुरालिपि, लोकभारती प्रकाशन, इलाहाबाद–१, १९८८ ।

३) Samuel Beal: Si-Yu-Ki Buddhist Records of The Western World, Oriental Reprint, 1983.

४) Bernhard Kolver and Hemraj Sakya: Documents from the Rudravarna Mahavihar, Patan, VGH Wissenschaftsverlag. Sankt Augustin, 1985.

५) हरिराम जोशीः नेपालको प्राचीन अभिलेख, ने. रा. प्र. प्र., २०३० ।

६) Haraprasad Shastri: CPMDN, 1

७) Hari Ram Joshi: Mediaeval Colophous, 1991.

८) L. Petech: Mediaeval History of Nepal, Roma Instituto Italiano Per Il. Medoo Ed. Estremo Oriente, 1984.

९) Bendall: CBMC

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्तपुरको लिङ्गो जात्रा

–तीर्थलाल नःघःभनी (राजभण्डारी)

काठमाडौं उपत्यकाभित्र घेरै जसो स्थानहरूमा लिङ्गो उभ्याउने प्रचलन छ । कान्तिपुर, ललितपुर, मनमैजु, फुटुङ्ग, टोखा, देवपाटन, साँखु र चितलांग आदि विभिन्न स्थानहरूमा अद्यापि लिङ्गो गाडी आएको पाइन्छ । त्यो पनि स्थानीय देव-देवताहरूको जात्रामा मात्र उभ्याइन्छ । खाली जात्राको लागि मात्र लिङ्गो उभ्याई आएको पाइदैन । साथै जात्रा मानी आएको पनि देखिएको छैन । परन्तु भक्तपुरमा लिङ्गोको जात्रा मनाइ आएको पाइन्छ ।

भक्तपुरमा लिङ्गो उभ्याइ जात्रा मनाउने परम्परा अद्यापि छँदैछ । चैत्र मसान्तका दिन चुपिघाट नजीकका भैरवखेलमा लिङ्गो उभ्याइन्छ । लिङ्गो उभ्या-एको जात्रा हेर्न आउने दर्शकहरूको घुइँचो हुन्छ । त्यस्तै बैशाख संक्रान्तिका दिन लिङ्गो ढालिन्छ । यो जात्रा हेर्न आउने पनि निकै हुन्छ । आज भोलि लिङ्गो जात्रा करबल अथवा बल्लतल्ल मात्र चली आएको प्रतीत हुन्छ । लिङ्गो उभ्याउने तथा ढाल्ने निश्चित समयमा हुदैन । पहिले पहिले जस्तै जनसहभागीता पनि उस्तो जुटेको देखिदैन । आफ्नो संस्कृति जोगाई राख्न उतिको ध्यान दिएको उस्तो देखिदैन । यसले गर्दा जात्रा हेर्न आउने दर्शकहरू पनि प्राय सून्य भइसकेकोछ । साथै यस्तै हुँदै गयो भने एक दुई दशकमा नै यो परम्परा लोप भइ जाने हो कि जस्तो देखिन्छ ।

प्रथमत भक्तपुर शहरमा लिङ्गो उभ्याउने परिपाटी कसले चलाएका हुन् र कहिलेदेखि चलेको हो भन्ने सन्दर्भमा केही विचार गरिन्छ । गोपालराज वंशावलीको ३४/३५ पृष्ठमा यसरी लेखिएको पाइएको छः–

२६ ख) जौराजिनी श्री बिश्मदेवी ना बृ(त्य)

२७ क) ऐन्द्र कूट सम्वच्छर चारिसय चबुद्रह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैशाख मास तस्य पुत्र श्री जयशक्ति देवन:
एन्द्रकूट ध्वज मारोहनम् ।।

यसको अर्थ ८३ पृष्ठमा यसरी दिएको छ ।

ने. सं. ४१४ (वि. सं. १३५१) वैशाखमा युवराज्ञीनी श्री बिश्मदेवीले इन्द्रकूट बनाइन् । तिनका छोरा श्री जयशक्तिदेवले इन्द्रकूट ध्वज आरोहण गरे ।

यो भनाइले युबराज्ञीले "इन्द्रकूट" भन्ने इन्द्रको नामबाट एउठा थुम्को बैशाखमा बनाइन र तिनका छोरा जयशक्तिदेवले "इन्द्रकूट ध्वज" अर्थात् "इन्द्र थुम्को" मा इन्द्रध्वज गाडे भन्ने बुझाएकोछ । परन्तु यो "इन्द्रकूट" बनाउने युबराज्ञी को थिइन् र जयशक्तिदेव को थिए भन्ने सम्बन्धमा पनि केही जिज्ञासा राखिन्छ । गोपालराज वंशावलीको ४३ पृष्ठमा यसरी लेखिएको पाइएको छः–

स ३५८ जेष्ठ शुक्ल प्रतिपदा श्री जयभीमदेवस्य
पुत्र श्री जय आदित्य युवराज जात ।"

यस भनाईले राजा भीमदेव मल्लका छोरा युवराज आदित्य मल्लको जन्म भयो भनी बताएकोछ । राजा भीमदेव मल्लले ने.सं. ३७९-३९० (वि.सं. १३१६-१३२७) सम्म गद्दी नसीन थिए । पुनः यसै पुस्तकको ४४ पृष्ठमा यसरी लेखेको पनि पाइएकोछ ।

स ३९६ वैशाख कृष्ण षष्टि श्री जोराजयादित्य स
पुत्र जय शक्तिदेवस जात ।

यस भनाईले युवराज जय आदित्य मल्लको छोरा जयशक्तिदेव जन्मे" भनी बताएकोछ । यस तथ्यबाट "इन्द्रकूट" बनाउने युवराज्ञी बिश्मदेवी युवराज आदित्यकी रानी तथा राजा भीमदेव मल्लकी बुहारी थिइन् भने जयशक्तिदेव युवराज आदित्यका सुपुत्र तथा भीमदेव मल्लका नाति थिए भन्ने स्पष्ट बुझिन आएको छ । साथै गोपालराज वंशावलीको ५२ पृष्ठमा यसरी लेखेको देखिन्छः–

स ४१३ फागुण शुक्ल अष्टमी श्री जयादित्यदेवस अस्त ।"

यस भनाइले ने. सं. ४१३ (वि. स. १३५०) फागुणमा जय आदित्य मल्ल स्वर्गे भए" भनी बताएको छ । राजा भीमदेव मल्लले भक्तपुर राजधानीमा नै वसी राजकाज चलाएका थिए । यसपछि जय सिंह मल्ल गद्दी नशीन भए । यिनको पछि अनन्त मल्ल राजा भए । यिनले ने. सं. ३९४-४३० (वि सं १३३१–१३६७) सम्म राज्य गरेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यिनैका पालामा आदित्य मल्लको मृत्यु भएको बर्ष दिनपछि अर्थात् अनन्त मल्ल राजा भएको २० बर्ष वाद ने· सं. ४१४ (वि·सं. १३५१) बैशाखमा युवराज्ञी विश्मदेवीले आफ्ना पतिका नामबाट (आदित्य भन्ने नाम पनि इन्द्रको एउटा नाम हो) "इन्द्रकूट" (इन्द्रडाडा) बनाइन् । पछि त्यैसै डाडामा नीजका छोरा जयशक्तिदेवले (आफ्ना बाबुको नाम कीर्ति फहराउने हेतुले) इन्द्रकूट ध्वजारोहण गरे अथवा इन्द्रध्वज गाडे । यसैको स्मृतिको रुपमा सालिन्दा लिङ्गो उभ्याउने परम्परा चली आएको हो भन्ने प्रतीत हुन आएको छ ।

दोश्रो, वैशाखमा उभ्याउनु पर्ने लिङ्गोलाई चैत्र मसान्तमा उभ्याउने र वैशाख संक्रान्तिमा ढाल्ने गरी परिवर्तन कुन आधारमा गरेका हुन तथा कहिले कसले गरेका हुन् भन्ने सन्दर्भमा केही चर्चा गरिन्छ । एउटा पुस्तकमा गौतमी पुराण र मनूका वचनबाट उध्दृत गरी यसरी लेखिएको पाइएकोछ–

गौतमी पुराण:–

चैत्र च बिश्वयात्रांया ध्वजस्योत्थानक चरेत् ।।
सव दु:खाय विनस्यन्ति सर्वशत्रु क्षयाय च ।।

मनू वचन:–

ध्वज भञ्जनं कं पश्चात्क्रियये संक्रमे दिने ।।
दुर्भिक्ष नाशनं चैव शत्रुपक्ष क्षयाय च ।।

साथै इतिहासकार डा. डील्लीरमण रेग्मीज्यूको "मेडिइभल नेपाल" दोश्रो भागको ६५० पृष्ठमा यसरी लेखेको पाइएको छ ।

गौतमी पुराण:–

चैत्र च बिश्वयात्रां ध्वोजस्योत्थानकं चरेत् ।।
सर्वे दु:खा विनश्यन्ति सर्वशत्रु क्षयाय च ।।
ध्वज भञ्जनकं पश्चाते क्रियते संक्रमे दिने ।।

यस अलावा विद्वान् इतिहासविद् तन्त्रज्ञाता श्री लीलाभक्त मुनंकमीज्यूको "बिस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको १३ पृष्ठमा यसरी लेखिएको छ ।

चैत्र च बिश्व जात्रां ध्वजस्यो स्थाबकं चरेत्, ।
सर्बे दु:खाधिन स्यन्ति सर्व शत्रुक्ष याय च,
ध्वजा भञ्जनकं पश्चाते संक्रमे बिने ।।

यी श्लोकहरूमा केही पाठान्तर पाइएको छ । परन्तु "बिस्केट जात्राको संस्कृति" भन्ने पुस्तकमा लेखिएको श्लोकमा ज्यादै अन्तर पाइएको छ । अरु श्लोकले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी बताएको आभास हुन्छ ।

"चैत्र महिना अर्थात् चैत्र मसान्तका दिन "विश्वयात्रा" व्येला ध्वजोत्थान गरेमा सारा दुःख नास भइ शत्रुपक्ष क्षय हुनेछ र वैशाख अर्थात् वैशाख संक्रान्तिका दिन ध्वजा ढालेमा दुर्भिक्ष नाश भई शत्रु पनि क्षय हुनेछ ।

यसै पुराणको भनाइका आधारमा वैशाखमा लिङ्गो उठाउने परम्परालाई तोडी चैत्र मसान्तमा उठाउने र वैशाख संक्रान्तिका दिन ढाल्ने गरी आएको देखिन्छ । साथै यस ध्वजालाई विशेष गरी विभिन्न नाम गरी पुकारेको पाइन्छ । इतिहासकार डा. श्री डील्लीरमण रेग्मीज्यूको "मेडिइभल नेपाल" दोश्रो भागको ६७०पृष्ठमा भविष्य पुराणबाट उध्दृत गरी यसरी लेखिएको छ ।

द्वादश्यांतु सितेपक्षे मासि भाद्रपदे तथा ।
शक्रमुत्थपयते राजा विश्व श्रवण वास दै ।।

यस श्लोकमा "शक्र" ध्वज भनी पुकारिएको छ । साथै नेपाल बर्ष क्रिया भन्ने पुस्तकमा गाधर्व वचनबाट उध्दृत गरी यसरी लेखिएको छ ।

मधु कल्कस्य पुष्पं च देव ध्वज यताककम् ।
महापुण्यं प्रमंयेन द्वादश्यां च प्रढौकयेत् ।।

यस श्लोकमा "देवध्वज" भनी पुकारेको छ भने राष्ट्रिय अभिलेखालयमा सुरक्षित "नेपाल बर्ष क्रिया" भन्ने पुस्तकमा भविष्य पुराणबाट उध्दृत गरी यसरी लेखिएको छ ।

उपहारं गृहीत्वमं महेन्द्र ध्वज गम्यताम् ।"

साथैः-

ऐन्द्रध्वज समुत्थानं प्रमादान्न कृतं यदि ।।

यी श्लोकहरूमा "महेन्द्र ध्वज" "ऐन्द्रध्वज" भनी पुकारिएको छ । यसपछि अग्नि पुराणबाट उध्दृत गरी यसरी लेखिएको छ-

आराधितो महेन्द्र च ध्वजाकारो सुपष्ठि सु ।।

यस श्लोकमा ध्वजाकार महेन्द्र (इन्द्र) भनी पुकारिएको छ । यसैलाई नेवारी भाषामा "यःसिं" भनी पुकारी आइएकोछ । यी नामहरू "इन्द्रकूट ध्वज" कै नाम हुन् भन्ने स्पष्ट हुन आएको छ । यस अलाबा "मेडिइभल नेपाल" दोश्रो भागको ६७० पृष्ठमा "राज मार्तण्ड तन्त्र" बाट उध्दृत गरी यसरी लेखिएकोछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कक्रध्वजं दारुकं च खड्ग पुष्पेन वेष्टयत् ।।
हस्तै मुखं च संयोज्य जिण्णो ध्वजस्य लक्षणम् ।।

यस श्लोकले देवदारुको शक्रध्वजमा खड्ग पुष्पको हात शीर मुख राखी पुतलीको आकार जस्तो गरी बनाएको जिण्णोध्वज लक्षणको हुनेछ भनी बताएकोछ। साथै जिण्णोध्वज भनी पुकारेको पनि छ। यसै अनुरुप भक्तपुरका लिङ्गोमा देवदारु रूखका हाँगा तथा खड्ग पुष्पले हात शीर राखी मुख आकार आउने गरी वनाएको आभास पाइन्छ।

अतः माथि उल्लेख गरेको गौतमी पुराणबाट उध्दृत गरेको श्लोकमा "विश्व यात्रायां" भनी उत्कीर्ण भएको छ। यो "विश्व यात्रा" भन्ने सन्दर्भमा केही चर्चा गरिने प्रयास गरिन्छ। गोरलपुरबाट प्रकाशित कल्याणको "संक्षिप्त भविष्य पुर्णाङ्क-को ९४ पृष्ठमा" ब्रह्माजीले गरेका सूर्यको स्तोत्रमा यसरी लेखेको छ।

नमो हितकृते नित्यं धर्माय तपनाय च ।।
हरये हरिताश्वाय विश्वस्य प्रतये नमः ।।

यस श्लोकमा "हितकृत (संसारलाई कल्याण गर्ने) धर्म तपन हरिताश्व. (हरेरंगका घोडा हुने) "विश्वपति" भगवान सूर्यलाई सधैं मेरो नमस्कार छ" भनि-एकोछ। यसबाट "विश्व" भन्ने नाम पनि सूर्यको नाम हो भन्ने विदित हुन आएको छ। साथै लिच्छवीकालका अभिलेखको ५९ पृष्ठमा टेबहालको शिलालेखबाट उध्दृत गरी यसरी लेखिएको छ।

"(संब)त ४०२ राज्ञ श्रीमानदेवस्य सम्यक पालयतो
महिम आषाढ शुक्लस्य तिथौ पञ्चदश्यां शुभार्त्थिना
बाणिजां सार्त्थवाहेन गुह्यमित्रेण भवितत: संस्था
पितोत्र भगबानिन्द्रो नाम दिवाकरः क्षत्रंयथा
गम्पद् वृम्प्रदेशे शतश्य भूमि पिण्डक मानिका ६०"

यस अभिलेखमा "भगवान इन्द्र नाम गरेका दिवाकर" भनी स्पष्ट लेखेको छ। यसबाट दिवाकर (सूर्य)को नाम "इन्द्र" पनि हो र इन्द्रको नाम सूर्य पनि हो भन्ने स्पष्ट बुझाएको छ। यस तथ्यबाट "सूर्य" को नाम "बिश्व" पनि हो भन्ने प्रष्ट देखिन आएको छ।

यही सूर्य बैशाख मेष राशिदेखि चैत्र मीन राशिसम्म १२ राशि चाहारिदा १ वर्ष लाग्छ। सूर्य राशिपिक्षे अर्थात् १२ राशिमा परिक्रमा गरिने हुँदा "बिश्व यात्रा" भनेको हो भन्ने अनुमान गर्न सकिन्छ। साथै यसैको आधारमा बिश्व (सूर्य) वैशाख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेष राशिदेखि यात्रा गरिने हुदा सालभर अनिष्ठ, अनिकाल, दुर्भिक्ष नहोस्, नआवस, तथा नाश होस् भन्ने हेतुले संक्रान्तिका दिनमै इन्द्रध्वज भञ्जन (ढालने) र विश्व (सूर्य) चैत्र मसान्त मीनराशि अन्त्यसम्म निर्विघ्न पूर्वक यात्रा समाप्त गरिने हुँदा खुसियालीको रुपमा शक्रध्वजोत्थान गरी आएको हो भन्ने ज्ञात हुन आएको छ।

अर्को गौतमी पुराणमा "बिश्वयात्रांया ध्वजस्योत्थान" भनीएको तात्पर्य सूर्य मीन राशिबाट मेष राशिमा पदार्पण गर्ने वेला ध्वजा गाड्नु अर्थात् लिङ्गो गाड्नु भनेका हुन्। मीन राशिबाट सूर्य (विश्व) मेष राशिमा प्रवेश गरिनेलाई "विश्व यात्रा" भनिएको हो भन्ने प्रष्ट देखिन आएको छ। यसैले "बिश्वयात्रा" मा उभ्याउने ध्वजा भएकोले "बिश्वकेतु" भनिएको हो।

यही "बिश्वकेतु" भन्ने नाम कालान्तरसम्म प्रख्यात छन्। पछि "बिश्वकेतु" लाई अपभ्रम्स गरी "विसिकेत" भनियो। विसिकेतलाई विकृति गरी "बिसिकात" भन्न थाले। पछि "बिसिकात" को "बिस्केट" भन्न थालियो। नेवारी भाषाबाट "बिसिकाट" लाई "बिसियात" भन्न थाले। साथै "बि" को अर्थ "साँप" र "सि" को अर्थ "मरेको" तथा "यात"को अर्थ "यात्रा" भनी अर्थ लगाई "बिसियात" को "मरेको साँपको यात्रा" भनी अर्थ लगाउन थालियो। यसै अनुरुप लिङ्गोलाई "अजिङ्गर अजिङ्गरनी" को जात्रा भनी आएका हुन्। यो बिलकुलै अशुद्ध र कपोल कल्पित हुन् भन्ने स्पष्ट देखिन्छ।

तेश्रो ने. सं. ४१४ मा यजशक्तिदेबले बैशाखमा उभ्याउने गरी "इन्द्रध्वज" प्रतिस्थापित गरेकोलाई गौतमी पुराण तथा राज मार्तण्ड तन्त्रका आधारमा सूर्य मीन राशिबाट सर्ने दिन चैत्र मसान्तमा लिङ्गो उभ्याउने र मेष राशिमा प्रवेश भएको दिन बैशाख संक्रान्तिमा ढाव्ने गरी परिवर्तन कसले गरेका हुन् र यो परिवर्तित परम्परा कहिलेदेखि चलेका हुन् थाहा हुन सकेको छैन। यसर्थ यस सम्बन्धमा अन्वेथण गर्न बाँकि नै छ।

साथै यो इन्द्रकूट ध्वज अर्थात् बिश्वकेतु उभ्याउने स्थानलाई "भैलःख्यः" "भैलःगा" "भेलू ख्यः" भलू गाः र भैलःगम भनी आएका छन्। अपितु भैरवका पीठ भएको स्थानलाई मात्र नेवारी भाषाबाट यसरी भन्ने चलन छ। तर यहाँ भैरवको पीठ अवष्ठित छैन। हुन त एउटा पीठ अवष्ठित छ। तर त्यो पीठ भैरवको होइन। विष्णुदेवी (बैष्णवी का पीठ हुन्। त्यसैले यस स्थानलाई भैरव ख्यः (भैरव खेल) भन्न मिब्दैन। यस स्थानलाई "विष्णुदेवी खेल" वैष्णवी गम भन्ने मात्र सुहाउछ। परन्तु यसो भनिएन, भैरव खेल नै भनी आएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जहाँ भैरव पीठै छैन त्यहाँलाई "भैरव खेल" किन भनियो ? आधार के छ भन्ने विषयमा अलिकति चर्चा गरिन्छ । इतिहासविद् श्री लीलाभक्त मुनंकमिज्यूको "बिस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको १४ पृष्ठमा "बिश्वकेतु" ध्वजा (लिङ्गो) मा झुण्डचाउने पताकामा रहेको अभिलेख उध्दृत गरी यसरी लेखिएको पाइएकोछ ।

"· नेपाल·····भूपाल·····श्री····ष्ठ····पाडौ····म
····श्री जगतप्रकाश सिंह····श्रीमहाकाल भैरव···"

यस अभिलेखबाट जगतप्रकाश सिंहले लिङ्गोलाई "श्री महाकाल भैरव" भनी सम्बोधन गरी पताका चढाएको हो भन्ने स्पष्ट बुझाएको छ । यसबाट भक्तपुरमा उभ्याउने लिङ्गो भैरवको प्रतीक हुन् भन्ने प्रतीत हुन आएको छ । यो ध्वजा अथवा पताका राजा जगतप्रकाश मल्लले चढाएको हो भनी तर्क गरेकोछ। परन्तु राजा जगत प्रकाश मल्लका पालाको अभिलेख घेरै जसो प्रकाशमा आइसकेको छ । उक्त अभिलेखहरूमा राजा जगतप्रकाश मल्लको नामका पछाडि "सिंह" जोडिएको पाइएको छैन । तसर्थ उक्त अभिलेख राजा जगतप्रकाश मल्लका होइन । कुनै एक सज्जन व्यक्तिका नाम हुन् भन्ने स्पष्ट देखिन आएकोछ । यस अलावा १५ पृष्ठमा श्री ५ रणबहादुर शाहज्यूबाट लिङ्गोलाई चढाएको पताकाको अभिलेख उध्दृत गरी यसरी लेखिएको छ ।

"ॐ स्वस्ति । श्री आकाश भैरवलाई श्री ५ रणबहादुर शाहले वीरध्वजा बनाई चढाञ्यू । शाके सम्वत् १७१८, वि.सं १८५४, कलि सम्वत् ४८९७, नेपाल सम्वत् ९१७ चैत्रमासे शुक्लपक्षे द्वादशी तिथौ·····शनिश्चरवार ।"

यस अभिलेखमा पनि बिश्वकेतु (लिङ्गो)लाई आकाश भैरव भनी पुकारेकोछ । यसबाट पनि लिङ्गोलाई भैरवको प्रतिबिम्व मानेको स्पष्ट देखिन्छ । यस अलावा लिङ्गोमा झुण्डचाउने यस पताकालाई "वीरध्वजा" भनी प्रष्ट पुकारेको छ । यसलाई "अजिङ्गर अजिङ्गरनी"को प्रतीक भनी अर्थ्याउनु कहाँसम्मको युक्ति संगत छ थाहा छैन । पुनः यसै पुस्तकको यसै पृष्ठमा श्री ५ त्रिभूवन बीर विक्रम शाहदेवज्यूबाट चढाएको पताकाको अभिलेख उध्दृत गरी यसरी लेखेकोछ ।

"स्वस्ति श्री आकाश भैरवलाई श्री ५ महाराजाधिराज त्रिभूवन वीर विक्रम शाहदेवबाट "वीरध्वज" बनाई चढाञ्यू । श्री बिक्रम सम्वत् २००४ साल, शाके सम्वत् १८६९, नेपाल संवत् १०९८ फागुण मासे·····गुरुबासरे ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कूटमेव स्थितंदेव महामार्तण्ड भैरवम् ।।
..... श्रीसूर्याय नमः ।।

यस श्लोकबाट सूर्यलाई "मार्तण्ड भैरव" भनी मानी आएको स्पष्ट पुष्टि हुन आएकोछ। साथै "बिस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको १५ पृष्ठमा यसरी लेखेको छ ।

"बिस्केट जात्राका लागी सोझो सल्लाका रुखको पोल लगभग ५५ हात लामो ..... हुनुपर्छ ।"

यो भनाईमा सत्यता छ भन्ने ५५ हातको होइन ५४ हातको हुनुपर्छ । किनभने तन्त्रको जगतमा ५४ भैरबको विशेष स्थान छ । एक एक हातको एक एक भैरवको प्रतीक ५४ भैरवको ५४ हातको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । तापनि बिङ्गो भैरवको प्रतिक मानेकोले यस भनाईबाट पनि पुष्टि हुन आएको छ ।

तसर्थ मार्तण्ड भन्ने सूर्यको नाम भएकोले "मार्तण्ड भैरब" भन्ने पनि सूर्य नै हुन् र "सूर्य" भन्ने नाम पनि "इन्द्र" को नाम भएकोले "इन्द्र" पनि भैरव नै हुन् भन्ने ज्ञात हुन आएको छ । यस तथ्यहरूबाट "इन्द्रकूट" ध्वज, इन्द्रध्वज अर्थात् बिश्वकेतु लिङ्गो "मार्तण्ड भैरव" को प्रतिमूर्ति हो भन्ने स्पष्ट हुन आएको छ । मार्तण्ड भैरवको प्रतिबिम्ब स्वरुप बिश्वकेतु लिङ्गो उभ्याउने (गाड्ने) ठाउँ भएकोले नै नेवारी भाषाबाट भैलख्यः भैलगाः भलू ख्यः भनी आएका हुन् । अर्थात् 'भैरवखेल' भनेका हुन् ।

पञ्चमत नेपालमा बिभिन्न प्रकारका जात्राहरू छन् । यसमध्ये प्रदर्शन गर्ने पनि एउटा जात्राको रुपमा मानी आइरहेका छन् । जस्तै जावलाखेलमा भोटो देखाउने जात्रा हो । यस्तै मनमैजुमा पनि भोटो देखाउने जात्रा छन् । मध्यपुर वोरेदेशमा जिब्रो छेड्ने जात्रा हुन् । यसै अनुरुप चुपिघाट नजिकै भैरव खेलमा मार्तण्ड भैरवको प्रतिमूर्ति बिश्वकेतु लिङ्गो उभ्याई प्रदर्शन गर्ने भएकोले जात्राको रुप लिन गएको प्रतीत हुन आउछ ।

यसरी मनन गरिदै जाँदा भक्तपुरको लिङ्गो जात्रा ने. सं. ४१४ (बि. सं. १३५१) बैशाखदेखि चलिआएको देखिन्छ । त्यसताका लिङ्गो उभ्याउने एउटा नौलो प्रक्रिया भएकोले हेर्न जाने घुइँचो लागेको हुन सक्छ । यसबाट भव्य जात्राको रुप लियो होला । पछि गौतमी पुराण तथा मनूका वचन अनुसार चैत्रमा उभ्याउने तथा बैशाखमा ढाल्ने प्रक्रियाको विशेषता थपिएकोले जात्राको महत्व बढेको आभास हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अतिरिक्त बिश्वयात्राको रुपमा चैत्र मसान्तका दिन उभ्याउने तथा बैशाख मसान्त ढाल्ने विशेषता थपी "बिश्वकेतु" भन्ने नाम प्रख्यात भएपछि जात्राको महत्व झन बढ्न गएको देखिन्छ। यस अलावा मार्तण्ड तन्त्रका आधारमा बिश्वकेतु लिङ्गो लाई "महाकाल भैरव, आकाश भैरव" भनी पुकारी भैरवका प्रतिबिम्ब तथा प्रतिमूर्ति मानेपछि जात्राको विशेषता झन बढ्न थालेको देखिन आउँछ। भक्तपुरका जनमानसमा हर्षोल्लासले ओतप्रोत भएको हुदा घातुलयमा गीत गाउन थाले।

सुथ ह्लापां दना वने।
चुपि गाले मोल ल्हुय।
भैरव दरशन याय ॥

यस गीतले "बिहान सबेरै उठी चुपिघाटमा नुहाई भैरव दर्शन गर्दछु" भनी बताएको छ। यसबाट त्यसताका भैरव नै बिश्वकेतु लिङ्गो नै हो भन्ने बुझिन आएको छ। यसपछि आकाश भैरवको र चामुण्डा काली (भद्रकाली) को रथ यात्रा थपिय पछि जात्राको विशेषता बढी हुन पुगेको देखिन आएको छ। तसर्थ यस तथ्यहरूको आधारमा भक्तपुरका लिङ्गो जात्रा ७०४ बर्ष पुरानो हो भनी थाहा पाउन सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अभिलेखमा पनि बिश्वकेतु अर्थात् लिङ्गोलाई "आकाश भैरब" भनी पुकारेको छ । यसबाट पनि लिङ्गोलाई भैरव नै भनिएको देखियो । यसको साथै पताकालाई "वीरध्वजा" नै भनी सम्बोधन गरेको पाइएकोछ । यसबाट पनि पताका "अजिङ्गर अजिङ्गरनी" को प्रतिक होइन भन्ने स्पष्ट बुझाएको छ । साथै "विस्केट जात्राको संस्कृति" भन्ने पुस्तकको १६ पृष्ठमा यसरी लेखेको छ ।

> "यो एउटा लिङ्गो जात्रा गर्न दायाँ ८ हात बायाँ ८ हात र टाउको निमित्त रुखका झ्याउ टुप्पामा राखेर टाउकोदेखि दुवै हातमा नीलो३२ हातको कपडाले मोडी हातको बीचमा एकजोडा नाग-नागनीका चित्रका ध्वजा बाँधेर लिङ्गो उभ्याउने गर्दछ ।"

यस भनाइ अनुसार "लिङ्गो जात्रा गर्न दायाँ बाँया ८।८ हात तथा टाउको राखेर टुप्पोदेखि नीलो कपडाले बेरिन्छ" भन्ने उल्लेख भएको सहिनै छ भने भैरव-लाई नै इँगीत गरेको देखिन्छ । टाउको हात राखी काठको पुतली आकार आउने गरी बनाएको लिङ्गो लक्षणको छ भन्ने व्यहोरा माथि परिसकेको छ । तथापि भैरवको रुपवर्ण अकसर गरी नीलै हुन्छ । यसकारण भैरव पूजा गर्दा नीलो वस्त्र चढाउने परम्परा अद्यापि छँदैछ । यस तथ्यबाट पनि लिङ्गो भैरबकै प्रतीक हो भन्ने देखिन आएको छ ।

साथै ध्वजामा नागका चित्र अंकित गरेको हुदैमा नाग नागिनीका ध्वजा भन्न मिल्दैन । नागको फना भैरवको कानमा लाउने कुण्डली गहना हो । अर्को राजा श्री ५ रणबहादुर शाह र श्री ५ त्रिभूबन वीर विक्रम शाहज्यू समेतले आकाश भैरब-लाई चढाएको ध्वजामा "बीरध्बजा" भनी स्पष्ट उत्कीर्ण भएकोले "उक्त ध्वजा" नाग नागिनीको प्रतीक मान्न मिल्दैन ।

यस्तै कान्तिपुरमा भद्रकाली, कंकेश्वरी, गुह्येश्वरी, हनुमान ढोका, फुटुङ्ग आदि ठाउँमा उभ्याउने लिङ्गोमा फहराउने ध्वजा पताकामा विभिन्न चित्रहरूका साथै नागको चित्र पनि लेखिएको पाइन्छ । परन्तु यस ध्वजाहरूलाई नागका प्रतीक मानी आएको पाइएको छैन । यसर्थ भक्तपुरका लिङ्गोमा फहराउने झण्डा पताका ध्वजामा नागको चित्र अँकित हुदैमा नागनागिनी (अजिङ्गर अजिङ्गरनी) को रुप हुन् भनी तर्क गर्नु अनर्गलमात्र हुन जानेछ । लिङ्गोमा हाल झुण्डयाइ आएको ध्वजा सायद राजा श्री ५ रणबहादुर शाह तथा श्री ५ त्रिभूवन बीर विक्रम शाहहरूले चढाएका "बीरध्वजा" नै हुनुपर्छ । यो एक किसिमबाट वीरताका प्रतीक हुन् । बिश्व-विजयको द्योतक "बिश्वकेतु" हुन भन्नुमा अत्युक्ति नहोला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चौथो बिश्वकेतु अर्थात् इन्द्रध्वज लिङ्गोलाई भैरवका प्रतीक किन मानियो र कुन आधारमा मानेका हुन् भन्ने सन्दर्भमा केही चर्चा गर्न प्रयास गरिएको छ। "बिश्व" भन्ने सूर्यको एउटा नाम हुन् भन्ने कुरा माथि परिसकेको छ। यस अतिरिक्त "इन्द्र" भन्ने पनि सूर्य कै अर्को नाम हो भन्ने व्यहोरा पनि माथि गइसकेको छ। साथै "भास्कर" भन्ने पनि सूर्य नै हुन् भनी बर्णन माथि नै गरी सकेकोछ। अब सूर्यलाई भैरव भनी कुन आधारमा भनिएको र मानीएको हो अलिकति मनन गरिन्छ। गोरखपुरबाट प्रकाशित कल्याणको सक्षिप्त भविष्य पूर्णाङ्कको १३३ पृष्ठना "भविष्य पुराण ब्राह्म पर्व" को १२८ अध्यायबाट उध्दृत गरी यसरी लेखेकोछ।

वैकर्तनौ बिबस्वाद्यं मार्तण्डो भास्करो रबि ।।
लोक प्रकाशक: श्रीमाल्लोक चक्षु ग्रहेश्वर ।।
लोक शाक्षी त्रिलोकेश: कर्ता हर्ता तमिस्रहा ।।
तपन स्तापन श्चैव शुचि सप्ताश्व वाहन ।।

यस उक्तिबाट सूर्यको नाम "रवि" "भास्कर" "मार्तण्ड" पनि हो भनी बताएकोछ। यसै पुराणको ९४ पृष्ठमा ब्रह्माजीले गरेको सूर्यको स्तोत्रमा यसरी लेखेको छ।

नमः सूर्याय नित्याय क्षयेऽकार्य भानवे ।।
भास्कराय मार्तङ्गाय मार्तण्डाय बिवश्वते ।।

यस श्लोकबाट पनि सूर्यको नाम "मार्तण्ड" पनि हो भनी स्पष्ट बताएकोछ। साथै भास्कर पनि हो भनी पुष्टि गरेको छ। यस अलावा वृहत पुरश्चर्यार्णव द्वितीय भागको २२७ पृष्ठमा "माहेश्वरीय तन्त्र" बाट उध्दृत गरी यसरी लेखेको पाइएको छ।

संस्मृत्य भैरवंदेव मार्तण्डाख्य मुमापतिम् ।।
मूलेन मनुनादेबि सूर्यस्य मनुनाथ वा ।।
मायाबीजं समुद्धृत्य सोऽहँ तुबिपरितकम् ।।
मार्तण्ड भैरवंङेतं प्रकाश शक्ति संयुतम् ।।
एष तेऽर्घोऽग्नि जायेति दद्यादर्घ त्रयं सुधी ।।

यस तन्त्रश्लोकबाट सूर्यलाई "मार्तण्ड भैरब" भनी सम्बोधन गरेको पाइयो। साथै एउटा तान्त्रिक पूजाविधिमा यसरी लेखेको पाइएको छ।

मर्मनाभि सियतं देवं मायत्रो पद भूषितम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखयुक्त सूर्यमूर्ति

-विष्णुकान्त शर्मा

पृष्ठभूमि:-

हिन्दू राजतन्त्रात्मक नेपाल अधिराज्यभित्र कैयौ कोटी देव-देवीहरूले बास गरेका छन् । यस्तो पृथ्वीभित्रको एउटा पवित्र भूमिमा देव-देवीको वास हुनु कुनै अनौठो कुरो होईन । यसैले सूर्य देवको बास हुनु, उपासना हुनु स्वाभाविकै हो ।

आकाश, वायु, तेज, जल र पृथ्वी यी ५ तत्त्वबाट सम्पूर्ण जीवात्मा चराचरको सृष्टि भएको हुन्छ । यसरी तेजका प्रतीक सूर्यको उपासना विश्वभर नै भएको पाइन्छ ।

सूर्य पूजाको प्रचलन पाषाण युगदेखि नै चलेको देखिन्छ । उत्तर स्पेनको अल्टामीरा गुफा र दक्षिण फ्रान्सको लास्को गुफामा सूर्यका आकृतिहरू कुंदिएको भेटिएका छन् । यसलाई सृष्टिको प्रारम्भिक कालका मनुष्यका कृतिको रुपमा लिइन्छ । यस्तै नवपाषाणयुगका सूर्यका आकृतिहरूमा भारतको मध्य प्रदेश, कर्णाटक तथा केरलाका सिंहपुर, वेल्लारी जिल्ला एवं एकडलमा पाइएका छन् । मिश्र तथा सुमेरियाली सभ्यतामा पनि सूर्य पूजाको परम्परा भएको पाईन्छ । मिश्रमा इ. पु. १४०० वर्ष अगाडि सूर्यलाई मानिसका एकमात्र सच्चा देवताका रुपमा मानिन्थ्यो । सम्राट अखनाट र उनकी पत्नी नेफरतितीले भगवान सूर्यलाई चढाएको एउटा मूर्ति पनि इजिप्टमा पाइएकोछ । सुमेरियनहरू सूर्यलाई न्यायिक देवताको रुपमा मान्दथे । आस्सिरियनहरू सूर्यलाई अस्सुर नामले पुकार्दथे र मेक्सिकनहरू आफूलाई सूर्यवशी मान्दछन् र त्यहाँ शिलामा कुँदेको एउटा सौर क्यालेण्डर पनि पाइएको छ । पेरुमा सूर्यको भव्य मन्दिर निर्माण गरिएको छ । इ. पु. १५०० वर्ष अगाडि वेलायतमा कैल्टिक जातिमा सूर्य पूजाको प्रचलन थियो । ग्रीसमा सूर्यलाई हेलियोस नामले पूजा गरिन्थ्यो । नौवटा चम्किला सेता पखेटावाल घोडाले तान्ने रथमा आरुढ भै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हेलियोसले देवता, मानिस सवैलाई समान रुपले प्रकाश छर्दै दुष्टहरूको संहार गर्दथे। ग्रीसकै होडस् गुफामा केटस् नामका मूर्तिकारले ९० फिटको एउटा विशाल सूर्यमूर्ति निर्माण गरेका थिए।

नेपाल र भारतमा सूर्य पूजाको प्रचलन ऋग्वैदिक कालदेखिनै चलेको पाइन्छ। ऋग्वेद अनुसार यो जगतको आत्मा नै सूर्य हो। यस कालमा सूर्यका अतिरिक्त वरुण, मित्र, भग, अर्यमन, विवस्वत, पुषन आदि देवताहरूलाई पनि सूर्यको दोश्रो स्वरुप मानि पूजा गरिन्थ्यो। अश्विन कुमारलाई पनि सूर्य पुत्रको रुपमा पूजा गरिन्थ्यो। यसै गरी ऋग्वेदमा नै आदित्यहरूको पनि वर्णन छ सुरुमा ६ वटा आदित्य थिए पछि त्यसमा सूर्यको नाम समावेश गरी ७ आदित्यको प्रचलन गरिएको पाइन्छ। यसरी ऋग्वैदिक कालदेखि आजसम्म सूर्य पूजा गरिदै आएको पाइन्छ।

सूर्यको जन्मकथा:- पुराणमा वर्णित कथा अनुसार भगवान सूर्यको उत्पत्ति यसप्रकार भएको देखिन्छ। भगवान कश्यपको जन्म मरिची नामक प्रजापतिबाट भएको थियो र उनै भगवान कश्यपकी पत्नी देवमाता आदितिको गर्भबाट एउटा ब्रह्माण्ड-गोला उत्पन्न भयो। यो गोलामा भगवान हिरण्यगर्भ (नारायण)को सम्पूर्ण अध्यात्म तेज शक्ति समाविष्ट भै सूर्यको उत्पति भयो र यिनको पृथ्वीदेखि ब्रह्मलोक-सम्म र पृथ्वीदेखि पातालसम्म गरी सम्पूर्ण लोकमा तेज फैलियो र सम्पूर्ण लोकमा पूज्य भै रहे। साथै यिनको पृथ्वीदेखि ब्रह्मलोकसम्म छरिएको प्रकाश पुञ्जबाट 'संज्ञा' र पृथ्वीबाट पातालसम्म छरिएको प्रकाश पुञ्जबाट 'छाया' उत्पन्न भएर यिनी दुबैलाई सूर्यका पत्नी मानियो। यसका अतिरिक्त अन्य ३ प्रभा, राज्ञी र वडवालाई पनि सूर्य पत्नीको रुपमा लिइन्छ।

शैव धर्ममा सूर्यको स्थान:- शैव धर्मालम्बीहरू सूर्यलाई नै शिव मान्दछन्। यस मत अनुसार ५५ रुद्र (शिव) समाविष्ट भै एउटा सूर्य-ज्योतिर्लिङ्ग (सूर्य) उत्पन्न भएको मानिन्छ, जो यसप्रकार छन्:-

(१) अधियज्ञ ११ रुद्र:- यी प्रत्येक रुद्रको ३/३ स्वरुप मानिएको छ। i) सम्राट, कृशानु, आह्वनीय ii) विभु, प्रबाहण, आग्निध्रीय, iii) अवस्यु, दुवस्वान्, अच्छा-वाकीय iv) अंधारि, बम्भारि, नेष्ट्रीय v) उक्षिक, कार्व, पोत्रीय vi) बुध, वैश्ववेदस, ब्राह्मणाञ्शंस्य vii) बर्हि, हव्यवाट्, होत्रीय viii) स्वात्र, प्रचेता, प्रशास्त्रीय ix) शुन्ध्यु, शुन्ध्यु, मार्जालीप x) अहिर्बुध्न्य, अहिर्बुध्न्य, प्रत्यगार्हपत्य xi) अजएकपात्, अजएकपात्, नुतनगार्हपत्य।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यी ११ रुद्र अधियज्ञ छन् जो अग्नि नै हुन् तर अन्तरिक्षमा निवास गर्ने भएकाले यिनलाई रुद्र भनिएको मात्र हो, यिनीहरूको समुहलाई 'धिणयग्नि' पनि भनिन्छ ।

(२) **अधिभूत ११ रुद्रः**– यस समुहमा पर्ने रुद्रका ११ कला छन्– i) पृथ्वी ii) जल iii) तेज iv) वायु v) आकाश vi) सूर्य vii) चन्द्र viii) आत्मा ix) पवमान x) पावक xi) शुचि ।

यसमा पहिलो ८ शिव शान्त स्वरुपका छन् भने पछिल्लो ३ शिव रुद्र (घोर) रुपमा छन् ।

(३) **अध्यात्म ११ रुद्रः**– यी ११ रुद्र सम्पूर्ण जिवात्माको शरीरमा वास गर्ने हुन्छन् त्यसैले यिनलाई आत्मा–रुद्र या आत्मा भनिन्छ । त्यसैले सम्पूर्ण जीवधारीको शरीरमा वास गर्ने शक्तिलाई आध्यात्म शक्ति (रुद्र) मानिन्छ ।

यी पनि २ प्रकारका छन्ः– पहिलो प्रकारमा i) २ वटा स्रोत प्राण ii) २ वटा चक्षु प्राण iii) २ वटा नासा प्राण iv) वाक् प्राण v) नाभिप्राण vi) उपस्थ प्राण vii) वाय् प्राण viii) आत्म प्राण । यसरी ११ वटा अध्यात्म प्राण–रुद्र छन् ।

यसै गरी दोश्रो प्रकारमा i) वाक् प्राण ii) पाणि प्राण iii) पाद प्राण iv) उपस्थ प्राण v) वायु प्राण vi) स्रोत प्राण vii) त्वक् प्राण viii) चक्षुः प्राण ix) जिण्ह्वा प्राण x) घ्राण प्राण xi) मनः प्राण ।

(४) **आधिद्वैत ११ रुद्रः**– सौर्य मण्डलमा बिभिन्न दिशामा अवस्थित भिन्न भिन्न ११ प्रकारका वायु अधिदैवत रुद्र छन् जो यस प्रकार छन्– i) विरूपाक्षा ii) भैरव iii) नकुलीश iv) सेनानी v) त्र्यम्बक vi) सावित्र vii) जयन्त viii) पिनाकी ix) अपराजित x) अहिर्बुध्न्य xi) अज एकपात् ।

(५) **अन्तरिक्ष ११ रुद्रः**– अन्तरिक्षमा रहने ११ रुद्र कलाको नाम यसप्रकार छंन्ः i) भ्रजमान ii) व्यवदात iii) वासुकि iv) वैद्युत v) रजत vi) पुरुष vii) श्याम viii) कपिल ix) अतिलोहित x) उर्ध्व xi) अवपतन ।

प्रत्येक ५ भागका ११–११ रुद्रहरू मिलेर तयार भएको ५५ रुद्रको एउटा स्वरुप हो, भगबान सूर्य जसलाई "सूर्य ज्योतिलिङ्ग" भनिन्छ । यसबाट सूर्यको ब्यापकता जान्न सकिन्छ । यसैगरी भगवान सूर्यको रुद्र अवतारको रुपमा त्रिनेत्र धारी शिवजीलाई लिइएकोछ र उक्त तीन नेत्र सूर्य, चन्द्र र अग्निको प्रतीक मानिन्छ ।

वैष्णव धर्ममा सूर्यको स्थानः– यसैगरी भगवान नारायणलाई पनि सूर्यको रुप मानिएको पाइन्छ । सूर्यलाई यसै कारणले सूर्य–नारायण पनि भन्ने गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भगबान श्रीकृष्णले पनि भनेका छन् सूर्य र चन्द्रको भित्र विद्यमान तेज नै मेरो तेज हो र चन्द्रमा र सूर्य मेरा २ आँखा हुन् । उनै श्रीकृष्णले गीतामा आदित्य नाम गरेका विष्णु मै हुँ भनेर नारायण र सूर्य एकै हुन् भन्ने कुरा गरेका छन् ।

उपनिषद्मा मायाको बन्धनबाट छुटकारा पाउन र ईश्वरमा लीन हुन ३२ वटा उपासना विद्याको चर्चा गरिएकोछ जस्तै-- मधु बिद्या, पुरुष विद्या, शाण्डिल्य विद्या, सवर्गब्रह्म विद्या, उपकोशल बिद्या, प्राण विद्या, पञ्चाग्नि विद्या, षाडि विद्या, वैश्वानर विद्या आदि । यसमध्ये उद्गीथ विद्या अन्तरगत अन्तरादित्य विद्यामा सूर्य मण्डलको माझमा बसेका जुन ईश्वरको उपासना गरिन्छ तिनी सूर्य–नारायण हुन् र यी नारायण पद्मासनमा बसेका वा रक्त कमलमा बसेका, हिरण्यमय वर्ण भएका चार या दुई हात भएका, केयूर, मकर, कुण्डल र किरिटधारी विभिन्न हार, गरगहना पहिरिएका र शङ्ख चक्र धारण गरेका वा दुई हातमा कमल लिएका र दुई हातमा अभय र वरद् मुद्रा धारण गरेका सुवर्ण जस्ता चम्किला र सदृष्य देदीप्यमान भगवान नारायण नै सूर्य हुन् भनिएको छ । यस्ता सूर्य नारायणको रथ सात घोडाले तानेका हुन्छन् भनिएको छ ।

सूर्यका ७ किरण (रश्मि) यस प्रकार छन्:–

१) **सुषुम्णा**– यो किरणले कृष्ण पक्षमा क्षीण भएको चन्द्रमाको तेजलाई नियन्त्रण गरेर शुक्ल पक्षमा चम्किनलाई मद्दत गर्ने गर्दछ र हामीलाई पनि थाहा छ चन्द्रमा सूर्यको प्रकाशवाटै चम्कन्छन् । यसरी सूर्यबाट प्राप्त किरणबाट चन्द्रमाले सम्पूर्ण जीवधारीमा अमृतको वर्षा गराउँदछन् ।

२) **सुरादना**– यो किरणले चन्द्रमामा रहेको अमृतको रक्षा गर्दछ र शीतलताको प्रादुर्भाव गरी सम्पूर्ण जीवधारीमा शीतलता छर्न मद्दत गर्दछ ।

३) **उदन्वसु**– यो किरणवाट मङ्गलग्रहको उत्पति भएको मानिन्छ र मङ्गलले जीवधारीको शरीरमा रक्तसंचार र रक्त शुद्धिकरण गर्दछ ।

४) **विश्वकर्मा**– यो किरणबाट बुध ग्रहको उत्पत्ति भएको मानिन्छ । यो ग्रह मानिसको लागि शुभ मानिन्छ र यसबाट शान्ति प्राप्त हुन्छ ।

५) **उदावसु**– यो किरणबाट बृहस्पति ग्रहको उत्पत्ति भएको मानिन्छ र यसले गुरुले झैं मानवजातिको रक्षा गरि उचित ज्ञान दिई अनुकूल वातावरण सिर्जना गरिदिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६) **विश्वव्यचा**– यो किरणबाट शुक्र र शनि ग्रहको उत्पत्ति भएको मानिन्छ र यी दुवै ग्रहले सम्पूर्ण जीवधारीको जन्म र मृत्युको सन्तुलन बनाई राख्ने कार्य गर्दछन् ।

७) **हरिकेश**– यो किरणबाट सम्पूर्ण नक्षत्रको जन्म र कार्य प्रणालीको नियन्त्रण हुन्छ भनिन्छ । साथै मानिसको कर्मफल एवं शुभ-अशुभ माथि यस किरणको नियन्त्रण हुन्छ ।

अब सूर्यका केही नामहरूको चर्चा गरौं । सूर्यलाई सूर्य या आदित्य भनि विभिन्न धर्म ग्रन्थहरूमा बिभिन्न नामहरू दिइएका छन् ती यसप्रकार छन्:–

आदित्यका १२ नाम– १) शक्र (इन्द्र) २) अर्यमा ३) धाता ४) त्वष्टा ५) पुषा ६) विवस्वान् ७) सविता ८) मित्र ९) वरुण १०) अंशु ११) भग १२) विष्णु ।

सूर्यका १२ नाम– १) आदित्य २) भाष्कर ३) भानु ४) चित्रभानु ५) विश्व प्रकाश ६) तीक्षणांशु ७) मार्तण्ड ८) सूर्य ९) प्रभाकर १०) विभावसु ११) सहश्रांषु १२) पुषन् (पुषी) ।

यसैगरी सूर्यका ३१ नाम पनि छन् । जस्तैः–

१) सूर २) आदित्य ३) द्वादशात्मा ४) दिवाकर ५) भाष्कर ६) अहस्कर ७) ब्रह्न ८) प्रभाकर ९) बिभाकर १०) भास्वान् ११) सप्ताश्व १२) हरिदश्व १३) उष्णरश्मि १४) विकर्तन १५) अर्क १६) मार्तण्ड १७) मिहिर १८) अरुण १९) द्युमणि २०) तरणि २१) चित्रभानु २२) विरोचन २३) विभावसु २४) ग्रहपति २५) त्विषांपति २६) अर्हपति २७) भानु २८) हंस २९) सहश्रांसु ३०) तपन ३१) रवि ।

यसैगरी अतिरिक्त १६ नाम पनि छन् । जस्तैः-

१) पद्माक्ष २) तेजसांराशि ३) छायानाथ ४) तमिस्रहा ५) कर्मसाक्षी ६) जगच्चक्षु ७) लोकवन्धू ८) त्रयीतनु ९) प्रद्योतन १०) दिनयणी ११) रवद्योत १२) लोकवान्धव १३) इन १४) धामनिधि १५) अँशुमाली १६) अब्जिनीपति ।

यसैगरी ऋग्वेदमा अर्को ६ नाम पनि उल्लेख गरिएको छ । जस्तैः–

१) मित्र २) अर्यमा ३) भग ४) वरुण ५) दक्ष ६) अंश ।

यसैगरी १२ आदित्य-सूर्यको नाम पनि उल्लेख गरिएको छ । जस्तैः–

१) आदित्य २) दिवाकर ३) भास्कर ४) प्रभाकर ५) सहश्रांशु ६) त्रैलोक्य लोचन ७) हरिदश्व ८) विभावशु ९) दिनकर १०) द्वादशात्मक ११) त्रैयोमूर्ति १२) सूर्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैदिक कालमा १२ वटा महिनाको १२ वटा सूर्यको अस्तित्व स्वीकार गरिएका छन् । जस्तै– १) सुधाता २) मित्र ३) अर्यमा ४) रुद्र ५) बरुण ६) सूर्य ७) भग ८) विश्वरूप ९) पूषा १०) सविता ११) त्वष्टा १२) विष्णु ।

विश्वकर्मा प्रणीत 'दीपार्णव' ग्रन्थमा १३ वटा सूर्यको नाम र स्वरुप वर्णन गरिएको छ । जस्तै– १) आदित्यदेव २) रवि ३) गौतम ४) भानुमान ५) शातित ६) दिवाकर ७) धुम्रकेतु ८) सम्भव ९) भास्कर १०) सूर्यदेव ११) सन्तुष्ट १२) सुवर्णकेन्द्र १३) मार्तण्ड ।

स्वरुपको वर्णनमा १० वा २ हात भएका, २ हातमात्र भएकोमा २ वटा कमलको फूल लिएका र १० हात भएकामा २ वटा माथिल्ला हातमा कमलको फूल र अरू ८ हातमा सोमरसपात्र, शूल, चक्र, गदा, माला, वज्रपाश, कमण्डलु, सुदर्शन चक्र, होमको पात्र लिएको पाइन्छ । साथै ७ टाउको भएको एउटै घोडामा या सातवटा घोडाले तानेको रथमा चढेका या एउटा घोडामा वसेका सूर्यको वर्णन गरिएको पाइन्छ ।

पञ्चायन पद्धतिमा पनि सूर्यको विशिष्ट स्थान छ । आकाश, वायु, तेज, जल र पृथ्वी यी ५ तत्त्वबाट सम्पूर्ण जीवात्मा चराचरको सृष्टि भएको हुन्छ । यी ५ तत्त्वका अधिपति ५ देवता छन् । गणेश, शक्ति, विष्णु, शिव र सूर्य । यी ५ वटाको ५ वटा सम्प्रदायहरू छन्– १) गाणपत्य २) शाक्त ३) वैष्णव ४) शैव ५) सौर ।

यी ५ वटै सम्प्रदायले जस जसको पूजा-आराधना गरे पनि यी पाँचवटै देवताको पूजा गर्दछन् र पूजा गर्दा जुन सम्प्रदायले पूजा गर्ने हो उसले आफ्नो देवतालाई मूल देवता मानि माझमा उसको प्रतीक स्वरूप लिङ्ग स्थापना गरी ४ सुरमा ४ वटा देवताको लिङ्ग स्थापना गर्दछन् र यी ५ लिङ्ग निम्न नामले पुकारिन्छन्– १) गणेश लिङ्ग– रक्तवर्ण चतुष्कोण पत्थर, २) शक्ति लिङ्ग– धातुको यन्त्र, ३) विष्णुलिङ्ग शिला या शालिग्राम, ४) शिव लिङ्ग– वाण लिङ्ग, ५) सूर्य लिङ्ग– स्फटिक विम्व (गोलो ढुङ्गा) ।

पाञ्चायन पद्धतिमा देवताको दिशा निम्नानुसार छुट्याइएको पाइन्छ । जस्तै–

१) **गणेश पाञ्चायन**– गणेश माझमा हुन्छन् भने ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा सूर्य र वायव्यमा भगवती स्थापना गरिएको हुन्छ ।

२) **सूर्य पाञ्चायन**– माझमा सूर्य हुन्छन् भने ईशानमा महादेव, आग्नेयमा गणेश, नैर्ऋत्यमा विष्णु र वायव्यमा भगवती स्थापना गरिएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३) देवी पाञ्चायन– माझमा शक्ति भगवती, ईशानमा विष्णु, आग्नेयमा शिब, नैर्ऋत्यमा गणेश र वायब्यमा सूर्य स्थापना गरिएको हुन्छ ।

४) शिव पाञ्चायन– माझमा शिव–रुद्र, ईशानमा विष्णु, आग्नेयमा सूर्य, नैर्ऋत्यमा गणेश र वायव्यमा भगवती स्थापना गरिएको हुन्छ ।

५) विष्णु पाञ्चायन– माझमा विष्णु–नारायण, ईशानमा शिव, आग्नेयमा गणेश, नैर्ऋत्यमा सूर्य र वायव्यमा भगवती स्थापना गरिएको हुन्छ ।

अब नेपालमा पाइने विभिन्न प्रकारका सूर्य मूर्तिहरूको चर्चा गरौं–

१) बुट जुत्ता लगाएर उभिएको सूर्य मूर्ति– यस मूर्तिमा बुट जुत्ता एवं विशेष पोशाक पहिरिएका सूर्य मूर्ति देखाइएको छ । यस मूर्तिमा सूर्यलाई शासकको रुपमा चित्रण गरिएको देखिन्छ । यसो हुनुमा यस मूर्तिमा इरानी प्रभाव पर्नु हो । किनकि इरानमा सूर्यलाई शासकको रूपमा चित्रण गरिन्थ्यो ।

२) उभिएको सूर्यमूर्ति– यी २ प्रकारका भेटिन्छन् । एउटामा २ वटा हातमा कमलको फूल लिएर उभिएको र दायाँ बायाँ उषा प्रत्यूषा (सन्ध्या र छाया) कुंदिएका हुन्छन् भने अर्कोमा २ वटा हातमा कमलको फूल लिएर उभिएको र प्रभा मण्डलमा ९ वटा ग्रहको गोलाकार मूर्ति कूंदिएको हुन्छ ।

३) सूर्य परिवार मूर्ति– यस मूर्तिमा सात वटा घोडाले तानेको रथमा सूर्य बसेका हुन्छन् र दायाँ वायाँ २ पट्टि सन्या र छाया सहित सम्पूर्ण ग्रहहरू सहित चित्रण गरिएको हुन्छ ।

४) बसेको सूर्य मूर्ति– यस प्रकारका मूर्तिमा अष्टदल कमलको आसनमाथि एउटा घोडा घुंडा मारेर बसेको हुन्छ र घोडाको पीठमाथि बडो ओजपूर्ण मुद्रामा दुबै पैताला देखिने गरि पलेटी मारेर बसेको सूर्य कुंदिएको हुन्छ । यस्तो मूर्तिको सुन्दर नमूनामा अभिलेख सहितको मूर्ति कीर्तिपुरस्थित पुखुसी नारायण मन्दिर हातामा र अभिलेख विहीन मूर्ति चांगु नारायण स्थानमा पाइएका छन् ।

५) सौर विम्ब– यस प्रकारका सूर्य मूर्तिमा केवल सूर्यको प्रतीक स्वरूप मुखाकृति कुँदिएका गोलो ढङ्गा या धातुका चक्का मात्र देख्न सकिन्छ । यस्तो मूर्तिको सुन्दर नमूनाको रुपमा पशुपति आर्यघाट निरको एउटा अभिलेख सहितको गोलाकार पत्थरलाई लिन सकिन्छ । जसमा सम्वत् ४५२ (वि. सं. ५८७) मा 'ब्राह्मण पुण्यगोभीले आफ्नो धर्मको लागि....' भनि कुंदिएको पाइन्छ । अभिलेख खण्डीत भएकोले गर्दा यसमा परेका अन्य चर्चाहरू भने गर्न सकिएन । यस प्रकारको आकृति (Solar Disc) नेपालमा मात्र पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६) **मुद्रामा अङ्कित सूर्य–** लिच्छविकालमै अंशुबर्माले आफ्नो एक प्रकारको मुद्रामा सूर्य–चक्काको चित्र अङ्कित गराएका छन्। यसै गरी लिच्छवि कालका अनेकन पशुपति मुद्राहरूमा पनि सूर्यको प्रतीक चक्का अङ्कित गरेको देख्न सकिन्छ। यसबाट शिव र सूर्य एकै हुन् भन्ने मतलाई पनि पुष्टि गरिएको छ भन्न सकिन्छ।

अब लागौं मूल विषयतर्फ। लगनशीलता र अध्ययनको कमिले गर्दा केही महत्त्वपूर्ण अभिलेख सहितका सूर्य मूर्तिहरू छुटेका पनि होलान् तर भेट्टाए सम्मका सूर्य मूर्तिहरूको कालक्रमको आधारमा सामान्य चर्चा गरिएको छ:–

१) काठमाडौं टेबहालभित्र पस्ने ढोकानिरै वायाँपट्टिको एउटा पसलभित्र एउटा सूर्य मूर्ति स्थापना गरिएको थियो तर हाल त्यस ठाउँमा महाँकालको मूर्ति स्थापना गरेको पाइन्छ। त्यस मूर्तिको मुनितिर भएको अभिलेख अनुसार पहिला त्यस स्थानमा इन्द्र नाम गरेका दिवाकर स्थापना गरेको बुझिन्छ। उक्त मूर्तिको स्थापनाकाल सम्वत् ४०२ (वि. स. ५३८) आषाढ शुक्ल हो। यो मूर्ति गुहमित्र नामक व्यापारीका नेताले स्थापना गराएका थिए।

टेबहाल भित्रनै ढुंगेधाराको पर्खालमा स्थापित एउटा सूर्यमूर्तिको पादपीठ अभिलेखमा ने. सं ५८३ (वि. सं. १५२०) कार्तिक शुक्क पूर्णिमा उल्लेख छ।

यसैगरी यहाँ पादपीठ अभिलेख अनुसार ने. सं. ६४० (वि. सं. १५७७) मा स्थापना गरिएको अर्को सूर्य मूर्ति पनि पाइन्छ।

२) प्रद्युम्नदेव राजाको पालामा रत्नाकर स्वामी नामक व्यक्तिले स्थापना गरेको ललितपुर थपाहिटीको सूर्य मूर्तिको पादपीठ अभिलेख अनुसार यो मूर्ति ने. सं. १८५ (वि. सं. ११२२) आषाढ त्रयोदशीमा स्थापना गरेको देखिन्छ।

३) ललितपुर सौगल टोलको सूर्य मूर्तिको पादपीठ अभिलेख अनुसार यो मूर्ति ने. सं. २०३ (वि. सं. ११४०) बैशाख शुक्ल सप्तमीमा वाणदेवले स्थापना गरेको देखिन्छ।

यसैगरी सौगल टोलकै एउटा चोकभित्र ने. सं. ५८७ (वि. सं. १५२४) को अर्को एउटा सूर्य मूर्ति पनि पाइएको छ।

४) काठमाडौं नक्सालबाट ल्याई हाल राष्ट्रिय संग्रहालयमा संग्रहित वुट जुत्ता लगाएको सूर्य मूर्तिको अभिलेख अनुसार यो मूर्ति ने. सं. २७९ (वि. सं. १२१६) आषाढ शुक्ल द्वितियामा स्थापना गरेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५) काभ्रेपलान्चोक, बनेपा शहरको पश्चिम तर्फको प्रवेशद्वारसंगै रहेको एउटा ढुँगेधाराको परिसरमा रहेको सूर्य मूर्तिलाई अडचाइएको ढुङ्गामा कुंदिएको अभिलेख अनुसार यो मूर्ति ने. सं. ५१४ (वि. सं. १४५१) मा स्थापना गरेको देखिन्छ। साथै यहाँ ने. सं. ५७९ (वि. सं. १५१६) माघ शुक्लमा स्थापित अर्को सूर्य मूर्ति पनि पाइएको छ।

६) काभ्रेपलान्चोक नालास्थित एउटा ढुंगेधाराको उत्तरतर्फको भित्तामा रहेको एउटा सूर्य मूर्तिलाई ठडचाइएको ढुङ्गाको अभिलेख अनुसार यो मूर्ति ने. सं. ५२७ (वि. सं. १४६४) मार्ग शुक्लमा स्थापना गरेको देखिन्छ।

७) भक्तपुर, क्वाथुनु टोलको पोखरीसंगैको सूर्य मन्दिर भित्र रहेको ढुङ्गाको पाटोको अभिलेख अनुसार ज्योति मल्ल राजाको राज्यकालमा संसार देवीले उक्त मन्दिरको पूजाआजा र सम्भारको लागि ने. सं. ५४२ (वि. सं. १४७९) मा गुठ राखि दिएको देखिन्छ।

८) भक्तपुर राष्ट्रिय कला संग्रहालयमा संग्रहित ढुङ्गाका सूर्य मूर्तिहरू मध्ये एउटा मूर्तिको पादपीठ अभिलेख अनुसार यो मूर्ति ने. सं. ५८९ (वि.सं. १५२६)मा स्थापना गरेको देखिन्छ।

९) भक्तपुर भोलाछें टोलमा भएको सूर्य मूर्तिको पादपीठ अभिलेख अनुसार यो मूर्ति ने. सं. ६४३ (बि. सं. १५८०) मा स्थापना गरेको देखिन्छ।

१०) काठमाडौं कीर्तिपुरस्थित पुखुसी नारायण मन्दिरको प्रवेशद्वारको भित्तामा एउटा बसेको घोडामा बसेका सूर्यको ढुङ्गाको मूर्ति छ। जसको पादपीठ अभिलेख अनुसार यो मूर्ति ने. सं. ७०२ (वि. सं. १६३९) मा स्थापना गरेको देखिन्छ।

११) पशुपति क्षेत्रस्थित पञ्चदेवल बाहिर दक्षिण–पश्चिम कुनामा स्थापना गरिएको ढुङ्गाको सूर्य मूर्तिमा वि. सं. १९२७ सहितको अभिलेख कुंदिएको पाइन्छ।

१२) काठमाडौं हाँडिगाउँस्थित प्रसिद्ध सत्यनारायण मन्दिरमा पादपीठ अभिलेख खण्डित भएको एउटा ढुङ्गाको सूर्य मूर्ति छ। जसमा केवल '.....सम्व..... शुक्ल पक्ष.....' पढ्न सकिन्छ। यसको स्थापना साल र मिति फुटेको हुँदा निश्चित साल उल्लेख गर्न सकिएन तर लिपि र कलाको आधारमा यस मूर्तिलाई १७ औं शताब्दीको मान्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भ ग्रन्थ :-

१) लिच्छविकालका अभिलेख- धनवज्र बज्राचार्य

२) पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन- डा. गोविन्द टण्डन

३) हिन्दू देवी देवता- हरिराम जोशी

४) नेपालको धार्मिक इतिहास- जगदीशचन्द्र रेग्मी

५) नेपाली कला- मोहन प्रसाद खनाल

६) श्री गणेशाय नमः - जीत बहादुर मानन्धर

७) प्राचीन अर्थ व्यवस्था- रमेश ढुंगेल

८) प्रज्ञा वर्ष १ अङ्क १ -नेपाल राजकाय प्रज्ञा प्रतिष्ठान

९) कल्याण (सूर्य-अङ्क) वर्ष ५३ संख्या १ -हिन्दी धार्मिक पत्रिका

१०) विभिन्न जिल्लाका अभिलेख/शीलालेखका उतारहरू- राष्ट्रिय अभिलेखालय

११) A Report of the Survey and Study of Newari Script- National Archives.

१२) Medieval Nepal Part III - D. R. Regmi

१३) Inventory of Stone Sculptures of the Kathmandu Valley - Lain S. Bangdel

१४) A Report on the Study of Iconography of Kathmandu Valley and their Preservation and Protection- Department of Archaeology

१५) Stoten Images of Nepal- Lain S. Bangdel

१६) Nepal Mandala (Vol. 1-2) - Mary Shephered Slusser

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयमा रहेका नेपाली भाषाका हस्तलिखित स्वस्थानी ग्रन्थ

–जगन्नाथ उपाध्याय

माघ महिनामा श्री स्वस्थानी परमेश्वरीको व्रत बस्ने र कथा सुन्ने परम्परा नेपाली हिन्दू समाजमा प्राचीन कालदेखि नै चल्दै आएको छ। सरल नेपाली भाषामा लेखिएका सामान्य साक्षर पाठकले समेत पढ्न सक्ने र अन्य स्रोताले भक्तिभाव पूर्वक सुन्ने कथाका रुपमा श्री स्वस्थानी नेपाली जनमानसिकतामा भिज्दै आएको छ। मुख्य रुपमा यसको कथा स्रोत स्कन्द पुराण माघ महात्म्यवाट लिइएको मानिन्छ, तापनि अन्य विभिन्न पौराणिक कथाबाट पनि यो प्रभावित देखिन्छ। यसको मूल रुप संस्कृत भाषामा रहेको देखिन्छ भने आ-आफ्नो रुचि र श्रद्धा अनुसार नेपालका विविध भाषामा श्री स्वस्थानी व्रतकथाको अनुवाद गरिएको तथ्य राष्ट्रिय अभिलेखालयमा रहेका ग्रन्थहरूले स्पष्ट पार्छन्। नेपालमा मुद्रण प्रविधिको विकास हुनु भन्दा निकै पहिल्यै देखि नै नेपाली जन-जीवनमा भिजी सकेको स्वस्थानी व्रतकथाको पाण्डुलिपि प्राय जसो नेपालीका घरमा पाइन्छ। धार्मिक आस्था र विश्वास अनुसार आ-आफ्नै भाषा शैलीमा अनुवाद गरिएको भए तापनि स्वस्थानीको नेपाली कथा बिधाको विकासका दृष्टिले निकै महत्त्वपूर्ण भूमिका देखिन्छ। राष्ट्रिय अभिलेखालयमा देवनागरी र नेवारी लिपिमा ताडपत्र, मधिसे र नेपाली कागजमा लेखिएका संस्कृत, नेवारी र नेपाली भाषामा कूल ५६ ग्रन्थहरू सानोमा ५ पत्र र ठूलोमा १३२ पत्रसम्म भएका श्री स्वस्थानी अभिलेख रहेका छन्। केही पूर्ण, केही अपूर्ण र केही प्रकीर्ण पत्रका रुपमा रहेका ती स्वस्थानी ग्रन्थहरू मध्ये नेपाली स्वस्थानी अभिलेखको संख्या जम्मा १२ वटा रहेको छ। यहाँ केवल नेपाली स्वस्थानी अभिलेखको मात्र नमूनाका लागि आदि वाक्यको भाषिक उद्धरण सहित सामान्य समीक्षा निम्न रुपमा गरिन्छः–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१. स्वस्थानी ब्रतकथा– ल. सं. ष. ५५६७ वि. सं. ६२, लेखक–

लेखन समय– पत्र– ५ अपूर्ण

माइक्रोफिल्म नभएको ।

उद्धरण

पैल्हे श्री ३ स्वस्थानि परमेश्वर भनि, अैनामा ॐ कार लेषी गंगाजलले श्नान गर्नु ।। चंदन सिंदुर जजमका; नैवेद्य फलफूल पक्वान, कस्तूर, तांबूल, बस्त्रादि, धूपदिप समस्त तयार गरि पूजा गर्नु

समीक्षा

यो स्वस्थानी ब्रतकथा ८×८ आकारका जम्मा पत्र ५ भएको सानो कृति छ । प्रारम्भदेखि पार्वतीले स्वस्थानी परमेश्वरीको ब्रत गरे सम्मको कथा बयानसम्म मात्र रहेको अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । लेखाइ निकै त्रुटिपूर्ण रहेकोछ ।

२. स्वस्थानी ब्रतकथा– ल. सं. ष. ५५४२ वि. सं ६१

लेखक– लेखन समय–

पत्र– ३१ अपूर्ण माइक्रोफिल्म नभएको ।

उद्धरण

गलामा सर्पको मालालाइ हातमा सर्पले वेह्रि दाहिना ईतले डम्बरू बजाइ, वाञा हातले त्रिसूल लिइ मुण्डमाला गलामा लाइ बुढा साढ्याका आममा चह्रि समसानले घसि अति विस्वभाभ भायाको यस्तै भोला महादेव यसकारणले यज्ञमा असोभा होला भनि यस निमित्त तिमिलाइ नेडाको भनिभंदा ।।

समीक्षा

सती देवीले दक्षको यज्ञमा प्राण त्याग गरेको प्रसङ्ग देखि लिएर गोमा ब्राह्मनीले दुःख पाएको प्रसङ्गसम्मको भाषा कथा रहेको यो स्वस्थानी ब्रतकथा आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । भाषा सामान्य किसिमको छ । कृति त्यति प्राचीन लाग्दैन । यसमा १८×८ आकारका जम्मा ३१ पत्र रहेका छन् ।

३. स्वस्थानी ब्रतकथा– ल. सं. ष. ८३९ वि. सं. ४९

लेखक– लेखन समय–

पत्र– १५७ अपूर्ण रिल नं.–

उद्धरण

कुमार आज्ञा गर्छन् हे अगत्य मुनि, तिमि एक चित्त भै सुन "अघि यो संसार जलामय छंदा परब्रह्म विश्नुले जल भित्र योग निद्रासित सयन गरि रहँदा विश्नुका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाभि देखि सहस्रदल कमल उत्पति भयो तेस्कमल माथि ब्रह्मा वसि संसार सृष्टि गर्न चिताया ।। ब्रह्माका कान चिलायो र आपना हातका कांछि अंगुलाले कान्मा गुजि झिकि फेथ्या तेसै कान्या गुजि देषि वडा वीर पराक्रमी मधुकैटभ नाम गन्याका दुई दैत्य सृष्टि भया ।।

समीक्षा

यस स्वस्थानी व्रतकथामा कथा प्रारम्भदेखि अन्त्यसम्म पूर्ण छ तापनि २२ अध्याय पछिका अन्त्यमा केही पत्र छैनन् । त्यसैले यो अपूर्ण देखिन्छ । कथा वस्तु पूर्ण भएको २२ औं अध्यायको अन्त्यमा "लिखित्वा गणेश गिर जि० का" भन्ने उल्लेख गरिएकाले यसमा लेखक काठमाडौं जिल्ला निवासी श्री गणेश गिरी देखिन्छन् । लेखन समय भने उल्लेख छैन । १५७ पत्र रहेको यो पुस्तक ११×६ आकारको छ भने नेपाली कागजमा एकातिर हरिताल लगाएर पहेंलो पारिएको पुस्तक साधारणतया राम्रो छ । यसको माइक्रोफिल्म भएको छैन ।

४. स्वस्थानी व्रतकथा (ऋषि पञ्चमी व्रतकथा)– ल. सं. ष. २७८४ वि. सं. ३६

लेखक– लेखन समय–

पत्र– ५ पूर्ण रिल नं. A १३८८/२३

उद्धरण

श्री युधिष्ठिर राजाले कर जोरि श्री कृश्नका चरणमा बिति गर्दा भयाः ।। हे श्री कृश्न सप्त ऋषिको माहात्मा मलाई सुनाउनु हवस् भनि बिति गर्दा भयाः श्री कृश्नले आज्ञा गर्दा भयाः ।।

समीक्षा

यस कृतिमा ऋषि पञ्चमी व्रत कथा र स्वस्थानी व्रत कथा समेत रहेको छ । प्रारम्भको १ पत्र मात्र ऋषि पञ्चमी व्रत कथाको छ भने बाँकी ४ पत्र स्वस्थानी कथाका छन् । दुबै कृति अपूर्ण छन् । लेखक लेखन समय उल्लेख छैन । स्वस्थानी व्रत कथाको पहिलो पत्रका ठाउँमा ऋषि पञ्चमी व्रत कथाको पत्र मिसिन आएको देखिन्छ । स्वस्थानी व्रतकथामा प्रारम्भदेखि सृष्टिको वयान सम्मको कथा रहेकोछ ।

५. स्वस्थानी व्रत कथा– ल. सं. ष. १५४४, वि. सं. ३७

लेखक– लेखन समय–

पत्र– १३२ पूर्ण रिल नं. A १३७५/६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

